# भूमि अधिकारका लागि वकालत

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
सिन्धुपाल्चोक
असार, २०६०

## तथ्यांकमा नेपाल

| | | |
|---|---|---|
| जनसंख्या | : | २३१५१४२३ |
| परिवार संख्या | : | ४२५३२२० |
| महिला | : | ११५८७५०२ |
| पुरूष | : | ११५६३९२१ |
| जनघनत्व | : | १५४.४८ |
| क्षेत्रफल | : | १४७१८१ |
| पक्की घर हुने परिवार | : | १५२८०३७ |
| भाडामा बस्ने परिवार | : | ३७१८८६ |
| खेती गर्ने तर जग्गा नहुने परिवार | : | २४.४ प्रतिशत |
| कृषियोग्य जमिन | : | २६४१००० हेक्टर |
| पशुपंक्षी नहुने परिवार | : | २८.५ प्रतिशत |
| जग्गामा आफ्नो स्वामित्व हुने महिला | : | १०.८४ प्रतिशत |
| इन्धनका रूपमा दाउरा प्रयोग गर्ने परिवार | : | ६५.५९ प्रतिशत |
| ट्वाइलेट भएका परिवार | : | ४६.१३ प्रतिशत |
| रेडियोसमेत नभएका परिवार | : | १३४८७३२ |
| साक्षरता प्रतिशत | : | ५३.७४ प्रतिशत |

*श्रोत : श्री ५ को सरकार, केन्द्रीय तथ्यांक विभाग, २००१*

# भूमि अधिकारका लागि वकालत

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
**सिन्धुपाल्चोक**
**असार, २०६०**

यस पुस्तिकामा समावेश भएका सामाग्रीहरूको स्वामित्व र अधिकार सामुदायिक आत्मनिर्भर सेवा केन्द्रमा सुरक्षित हुनेछ । तर गैर नाफामूलक र विकास तथा जनवकालत सम्बन्धी काममा यसको प्रयोग गर्न सवैले सक्नेछन् । जो सुकै व्यक्ति वा संस्थाले माथि उल्लेख भए बमोजिम यसको प्रयोग वा सन्दर्भ उल्लेख गर्दा **सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**को नाम उल्लेख गरी त्यस्ता कागजातहरूको एक प्रति सामुदायिक आत्मनिर्भर सेवा केन्द्रलाई उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

प्रस्तुत **'भूमि अधिकारको लागि वकालत'** पुस्तिका एक्सनएड नेपालको सहयोगमा तयार पारि प्रकाशन गरिएको हो ।

# हाम्रो भनाइ

हाम्रो संस्था सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले एक दशक पहिले सिन्धुपाल्चोकका केही गाविसमा सामुदायिक विकासका कार्यक्रम शुरु गरेको थियो । यसको प्रमुख उद्देश्य कार्यक्षेत्रमा रहेको गरिवी कम गर्ने भन्ने थियो । यसका लागि विभिन्न खाले सामुदायिक विकासका क्रियाकलाप संचालन गरियो । तर समुदायको गरिवी कम भएको पाईएन । यसपछि हामी समुदायको शोषणको रुप र संरचनागत कारण खोतल्दै गयौं ।

गरिबीको मूल जरा खोतल्ने क्रममा हामीले काम गरिरहेको क्षेत्रमा जोताहा किसानले मोहियानी हक नपाएको समस्या प्रमुख देख्यौं । यसैगरी विद्यमान आर्थिक तथा सामाजिक असमानताका प्रमुख कारण पनि मोहियानी हक लगायत भूमि अधिकार नपाउनु नै रहेको ठहर भयो । बचत समूह निर्माण, प्रौढ कक्षा संचालन, बीउ र औषधी वितरण आदि काम गरिरहेको हामीलाई मोहियानी हकको क्षेत्रमा काम गर्नु नौलो अनुभव थियो, तर समुदायको मूल सवाल रहेको मोहियानी हक जोताहा किसानले नपाएसम्म अरु कार्य निरर्थक थिए भन्ने निष्कर्षमा हामी पुगिसकेका थियौं ।

त्यसैले यस सवालमा आफ्नो क्षमता अनुसार निरन्तर काम गर्दै गयौं । यसरी काम गर्दा भूमिअधिकार प्राप्तिको क्षेत्रमा सिन्धुपाल्चोकमा आशालाग्दा उपलव्धी देखिएका छन् र अभियानबाट प्राप्त अनुभवले अभियानको कार्यक्षेत्र र सवालको स्वरुप दुवै फराकिलो हुदैँ गएको छ ।

भूमिमा रातोदिन श्रम गर्ने भूमिहीन र जोताहा किसानको स्वामित्व कायम हुन सके गरिवी निवारणको क्षेत्रमा एउटा महत्वपूर्ण उपलव्धी हुने हाम्रो अनुभवका आधारमा भूमि भित्रका विभिन्न अन्यायको साङ्लोमा जकडिएका लाखौं कृषक परिवारको भूमि अधिकार प्राप्तिबाट गरिवी निवारण गर्ने उद्देश्यले सिन्धुपाल्चोकबाट शुरु भएको यो अभियान अहिले अन्य जिल्लाहरुमा पनि फैलाउने क्रममा हामी लागिपरेका छौं । तर यो हाम्रो एक्लो प्रयाशबाट सम्भव छैन । भूमि अधिकारको सवाल समुदाय तहदेखि नीतिगत तहसम्म जोडिएको विषय हो । नीतिगत परिवर्तन र त्यसको कार्यान्वयन अधिकारबाट बञ्चितहरुको सचेतता, संगठन र जागरण विना असंभव जस्तै छ ।

यो अभियान भोक, सास्ति र जमिन्दार एवं राज्यको थिचोमिचोबाट पीडित भूमिहीन र गरिब किसानहरुका लागि एक टुक्रा जमिन हात पार्ने विषयमा केन्द्रित छ । भूमिअधिकारको सवाल गरिवी निवारणको क्षेत्रमा काम गर्ने सवै व्यक्ति, समूह, संस्थाको सवाल बन्नु पर्ने देखिएको सर्न्दभमा हाम्रो संस्थाले यो सानो जानकारी पुस्तिका प्रकाशन गरेको छ । भूमिअधिकार, यसको औचित्य र यो प्राप्तिको केही प्रक्रियाको बारेमा छोटो जानकारी भूमि अधिकारप्रति चासो राख्नेहरुले छोटै अवधिमा पाउन सके भने हामी हाम्रो प्रयास सार्थक भएको ठान्ने छौं ।

**- सामुदायिक आत्मनिर्भर सेवा केन्द**



**सर्वाधिकार** : सामुदायिक आत्मनिर्भर सेवा केन्द्रमा सुरक्षित

**प्रकाशन प्रति** : १०००

**संस्थागत मुल्यः** रु. **१५०/-**

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
**पो.ब.नं. १९७९०, फोन : ४३६०४८६**
**काठमाडौं, नेपाल**
E-mail : csrc@tenancy.wlink.com.np

# विषयसूची


**परिच्छेद १: परिचय** ........ १-४
- १.१. भूमिका ........ २
- १.२. जमिनको अवस्था ........ २
- १.३. कृषिभूमि र उत्पादकत्व ........ ३
- १.४. भू-सम्वन्ध र गरिबी ........ ३

**परिच्छेद २: नेपालको भूमिव्यवस्था** ........ ५-१६
- २.१. भूमिअधिकारको ऐतिहासिक झलक ........ ६
- २.२. कानुनी व्यवस्था ........ ७
- २.३. भूमिव्यवस्था भित्रका समस्या तथा शोषणका स्वरूपहरू ........ ९
- २.४. भूमिव्यवस्था भित्रका तहगत समस्याहरू ........ १३

**परिच्छेद ३: भूमि अधिकारका लागि वकालत** ........ १७-२८
- ३.१. भूमिअधिकार ........ १८
- ३.२. भूमिअधिकारको औचित्य ........ १९
- ३.३. भूमिअधिकारका लागि नागरिक अभियान ........ २१
- ३.४. भूमिअधिकार र वकालत ........ २२

**परिच्छेद ४ : सिन्धुपाल्चोकको मोहियानी अभियान** ........ २९-३८
- ४.१. सवालको उठान ........ ३०
- ४.२. आन्दोलनको सुरूवात ........ ३१
- ४.३. भर्पाइ अभियान ........ ३१
- ४.४. अधिकार प्राप्तिका थालनी ........ ३२
- ४.५. मोही किसानहरूको लागि सचेतिकरण ........ ३२
- ४.६. रिफ्लेक्ट कक्षाहरूबाट सहयोग ........ ३२
- ४.७. वकिलहरूद्वारा मुद्धा लेखन शिविर ........ ३२
- ४.८. जग्गावालाहरूको संगठन निर्माण ........ ३३
- ४.९. मार्टिन चौतारी र पत्रकार सम्मेलन ........ ३३
- ४.१०. जिल्ला कार्यालय घेराउ र धर्ना ........ ३३
- ४.११. स्थानीय गा.वि.स.सँग मिलेर कार्य ........ ३४
- ४.१२. चौथो संशोधन आन्दोलनको तगारो ........ ३४
- ४.१३. डेलिगेशन र ज्ञापनपत्र ........ ३४
- ४.१४. आधा जग्गा प्राप्तिको चरण ........ ३४
- ४.१५. गुठी जग्गामा मोहियानी र रैतानी आन्दोलन ........ ३४
- ४.१६. मोही किसानहरूको संगठन निर्माण ........ ३५
- ४.१७. मोही किसानहरूको निरन्तर प्रयास ........ ३५
- ४.१८. नीतिगत तहमा प्रभाव ........ ३५
- ४.१९. सवाल संचार माध्यममा ........ ३६
- ४.२०. अन्य जिल्लाहरूमा संभाव्यता अध्ययन ........ ३७
- ४.२१. कार्यतन्त्र निर्माण ........ ३७
- ४.२२. केही मुख्य उपलब्धिहरू ........ ३७
- ४.२३. भावी योजना तथा रणनीति ........ ३८

**परिच्छेद ५: निष्कर्ष** ........ ३९-४१
- ५.१ सामाजिक समुन्नतिको लागि भूमि अधिकार ........ ४०
- ५.२. सहकार्य र समन्वय ........ ४१

सन्दर्भ सामाग्री ........ ४२



# परिच्छेद - १

# परिचय

## १.१. भूमिका

नेपालको अर्थतन्त्र ज्यादै पछौटे छ । नेपाल भन्नासाथ एउटा गरिब देशको अनुहार अगाडि आउँछ । तर नेपाललाई प्रकृतिले नै गरिब मुलुक बनाएको होईन । देशको मध्य पहाडी भाग र तराई क्षेत्र खेतिपातीको लागि अनुकुल ईलाका हुन् । पानी र जंगल अथाह श्रोतको रुपमा रहेको छ ।

नेपाल मानव विकास प्रतिवेदन, २००१ मा उल्लेख भए बमोजिम नेपालमा सम्पुर्ण जनसंख्याको ४२ प्रतिशत अर्थात झण्डै ९० लाख जनता गरिबीको चपेटामा परिरहेका छन् । यसको मुख्य कारण न्याय र समानताका आधारमा स्रोत साधनका साथै अवसरहरु सुलभ हुन नसक्नु औंल्याईएको छ ।

२०५८ सालको जनगणनाले नेपाली जनसंख्याको ७६ प्रतिशत मानिसहरु कृषिमा निर्भर रहेको देखिएको छ । कृषिले राष्ट्रिय आयमा ४२ प्रतिशत योगदान पुऱ्याएको भएपनि भू-स्वामित्वमा भएको ठुलो असमानताका कारण कृषिक्षेत्रको प्रगतिदर निकै मत्थर रहेको छ । यसो हुनुमा जमिनमा वास्तविक रुपमा खेती गर्नेहरुको असाध्यै कमसल, चुत्थो जमिन हुनु वा जमिन नै नहुनु हो ।

कृषिमा आधारित नेपालको आर्थिक एवं सामाजिक समुन्नतीको लागि भूमिसुधार एउटा अपरिहार्य काम हो । अन्य मुलुकको अनुभवलाई हेर्दा पनि भूमिसुधार पछि मात्र ती देशले विकासको फड्को मार्न सकेको पाईन्छ । तर नेपालमा असलि भूमिसुधार हुन सकेको छैन । विगतलाई हेर्ने हो भने भूमिसुधारलाई सत्तामा पुग्ने र सत्ता जोगाईराख्ने खेलको रुपमा लिएको पाईन्छ ।

- ***नेपाल मानव विकास प्रतिवेदन, २००१ मा उल्लेख भए बमोजिम नेपालमा सम्पुर्ण जनसंख्याको ४२ प्रतिशत अर्थात झण्डै ९० लाख जनताहरू गरिबीको चपेटामा परिरहेका छन् ।***
- ***२०५८ सालको जनगणनाले नेपाली जनसंख्याको ७६ प्रतिशत मानिसहरू कृषिमा निर्भर रहेको देखिएको छ ।***
- ***नेपालमा करिव १० लाख २० हजार परिवार भूमिहीन देखिन्छन् । पुस्तौंदेखि अरूको जमिन जोत्ने करिव ४ लाख ५० हजार परिवारले मोहियानी हक समेत नपाएको अवस्था छ ।***

उपलब्ध विभिन्न राष्ट्रिय तथ्याङ्क अनुसार नेपालमा करिव १० लाख २० हजार परिवार भूमिहीन देखिन्छन् । पुस्तौंदेखि अरुको जमिन जोत्ने करिव ४ लाख ५० हजार परिवारले मोहियानी हक समेत नपाएको अवस्था छ (उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदन,२०५१) । जमिनमा रातोदिन श्रम गर्ने तर जमिनमा स्वामित्व नभएका यी परिवार नै यो मुलुकका गरिव समुहमा पर्दछन् । यो तथ्याङ्कले गरिवी निवारण गर्ने एउटा आधारभूत कदम जमिनमा जोत्नेको स्वामित्व हुनु जरुरी भएको प्रष्ट हुन्छ ।

## १.२. जमिनको अवस्था

नेपालको क्षेत्रफल १ लाख ४७ हजार १ सय ८१ वर्ग किलोमिटर छ । जसमध्ये १७

प्रतिशत अर्थात २६ लाख ४१ हजार हेक्टर जमिनमात्र खेतियोग्य छ। खेतियोग्य भूमिको ४९ प्रतिशत जमिन तराईमा र बाँकि ५१ प्रतिशत पहाडी तथा हिमाली भागमा रहेको छ। खेतियोग्य मानिएका जग्गाहरुको पूर्ण उपयोग भएको भने पाईदैंन। उच्चस्तरीय भूमिसुधार आयोगका अनुसार मुलुकको २० प्रतिशत खेतियोग्य जमिन बाँझो रहेको छ।

## १.३. कृषिभूमि र उत्पादकत्व

नेपालको जमिन वितरण प्रक्रिया न्यायोचित छैन। धेरै जग्गामा थोरै मानिसको नियन्त्रण रहने प्रवृत्तिले राम्रोसँग खेतिपाती र उब्जनी हुन सकेको पाइन्न। नेपाल मानव विकास प्रतिवेदन १९९८ का अनुसार ६ प्रतिशत जमिन्दारको हातमा ३३ प्रतिशत जमिन रहेको छ। विगत १० वर्षको तुलनामा खेतियोग्य जमिन गुमाउनेको संख्या करिब दोब्बरले बढेको तथ्यांकहरुले पुष्टि गर्छन्।

जमिन वितरणमा भएको असमानता र भूमि व्यवस्थापनमा देखिएको समस्याका कारण हाम्रो जमिनले क्षमताअनुसारको उब्जनी दिन सकिरहेको छैन। धेरै जग्गा ओगटेका कारण जमिनदार आफैंले खेती गर्न सम्भव नहुने र अरुलाई खेती गर्न दिँदा विविध कारणले उत्पादन कम हुने गरेको पाइएको छ। अधिया, बटैया जस्ता प्रथा अन्तर्गत खेती गर्नुपर्दा वास्तविक जोताहालाई खासै फाइदा हुँदैन। एकातर्फ साहूले विना लगानि आधाभन्दा बढी सित्तैमा पाइहाल्छु भन्ने ठान्ने र अर्कोतर्फ जोताहाले जति गरे पनि साहूलाई त हो नि भनेर खेती गर्न निच मार्नाले हुनसक्ने जति उत्पादन हुन नसकेको हो। गरिब र असहायलाई खानका भरमा सित्तै काममा लगाउने प्रवृत्तिले पनि यसमा ह्रास आइरहेको छ।

विशेषगरी पश्चिम नेपालको पूर्व कमैयालाई जमिनदारले यसरी शोषण गर्दै आएको पाईन्छ। आफ्नो भन्ने कुनै सम्पत्ति नभएको र पुस्तौंअघि कसैले लिएको तर कहिल्यै चुक्ता नहुने ऋणका कारण जमिनदारले उनीहरुलाई आफ्नो जमिनको खेतिपाती निश्चित गर्न/गराउन प्रयोग गर्दै आएका थिए। जति काम गरे पनि तोकिएको खानाबाहेक केही नपाउने भएपछि जमिनमा कसले मेहनत गर्छ? कमैयाले पनि सकेका गर्थे, त्यसैले पनि क्षमताअनुसारको उत्पादन हुन सक्ने कुरै भएन। यसरी हाम्रो कृषि भूमिको वितरण न्यायोचितरुपमा हुन नसक्दा यसको सोझो मार राष्ट्रिय अर्थतन्त्रमा पर्न गएको छ।

## १.४. भू-सम्वन्ध र गरिबी

जमिन नेपाली समाजको मूल धन, सामाजिक स्तर एवं प्रतिष्ठा र आर्थिक तथा राजनीतिक शक्तिको आधार रहेको छ। समग्रमा जोसँग जमिन बढी छ ऊ धनी र जमिन नहुने वा थोरै हुनेहरु गरिब पाइन्छन्। जमिनमा सवैभन्दा बढी परिश्रम गर्ने तर सवैभन्दा अधिकार विहीन व्यक्तिहरु जस्तै हली, गोठाला, भरिया, कमैया, जोताहा मोही, गरिब किसान र दलित भूमिहीन नै यो मुलुकका अति गरिबमा पर्दछन्। तथ्याङ्कमा हेर्दा जमिन नभएका १० लाख २० हजार र अरुको जमिन जोत्ने ४ लाख ५० हजार वेदर्तावाल मोही परिवार नै सबभन्दा गरिब परिवारको रुपमा रहेको पाईन्छ।



- ***हाम्रो कृषि भूमिको वितरण न्यायोचितरुपमा हुन नसक्दा यसको सोझो मार राष्ट्रिय अर्थतन्त्रमा पर्न गएको छ।***
- ***जमिनमा सवैभन्दा बढी परिश्रम गर्ने तर सवैभन्दा अधिकार विहीन व्यक्तिहरु जस्तै हली, गोठाला, भरिया, कमैया, जोताहा मोही, गरिब किसान र दलित भूमिहीन नै यो मुलुकका अति गरिबमा पर्दछन्।***

नेपाली समाज भू-स्वामित्वको बनोट र जाति प्रथाको आधारमा विभाजित रहेको छ। विकासका प्रयत्नहरुले गाउँका सवैभन्दा कमजोर मानिसका समस्यालाई समेट्न सकेको छैन। स्थानीय देखि राष्ट्रिय तहसम्म भूमिआधार बलियो भएका मानिसहरुकै पकड भएकोले भूमि नहुनेहरु गरिव रहनु परेको छ।

जमिन नहुने किसानहरु अत्यन्तै कंगाल छन्। उनीहरु जमिन्दार वा ठुला किसानकहाँ निमेक गर्छन। निम्नस्तरको ज्यालामा पनि उनीहरुले पुग्दो काम पाउन सकेका छैनन्। यिनीहरुमध्ये कतिपय कामको खोजीमा अरु ठाउँमा जान बाध्य छन्। खानाको समस्या पर्ने यो समूहलाई लुगाफाटो, औषधी र शिक्षाको कुरा निकै टाढाको कुरा हुन पुगेको छ। कृषि बाहेक अन्य उपाय नभएका र बढ्दै गएका भूमिहीन मानिसहरु नै चरम दरिद्रताको मारमा परेका छन्।



# परिच्छेद - २

# नेपालको भूमि व्यवस्था

## २.१. भूमि अधिकारको ऐतिहासिक झलक

नेपालमा विभिन्न ऐतिहासिक कालखण्डहरुमा प्रचलित सामाजिक, आर्थिक, राजनैतिक प्रणाली अनुरुप भूमि-व्यवस्थाहरु कायम भइ तदनुरुप नै जोताहाको भूमि अधिकारको व्यवस्था रहदै आएको छ । लिच्छवीकालको नेपालमा तीन प्रकारको भू-स्वामित्वको व्यवस्था रहेको इतिहासले देखाउँछ । राजपरिवारको अधिनमा रहेको भूमि, धार्मिक संघ-संस्थाको अधिनमा रहेको भूमि र सर्वसाधारण नागरिकको स्वामित्वमा रहेको भूमि ( सुरेन्द्र के.सी.,२०५५) । राजपरिवार तथा धार्मिक संस्थाको स्वामित्वमा रहेको भूमिमा खनजोत गरी उब्जनी गर्ने किसानले उत्पादनको निश्चित अंश श्रमको ज्यालाको रुपमा पाएपनि भूमि अधिकारबाट भने पूर्णतः वञ्चित रहनु पर्दथ्यो । तेश्रो प्रकारको भूमि अर्थात सर्वसाधारणको स्वामित्वमा रहेको भूमिमाथि भने जोताहा कै अधिकार कायम रहेको थियो । लिच्छवीकाल मै राजाले आफूलाई मन परेका कर्मचारी वा नातेदारलाई 'वृत्ति' को रुपमा जमिन विर्ता दिने चलन शुरु भएको देखिन्छ । यस्तो विर्ताको जमिन जोत्ने जोताहा किसानको पनि भूमि माथि स्वामित्वको अधिकार रहँदैनथ्यो ।

बाइसे र चौबीसे राज्यहरुमा विभाजित हुनु पूर्वको एकीकृत खस राज्यताकाको नेपालमा भने सेरा, रैकर, गुठी, विर्ता र जागिर गरी पाँच प्रकारको भूमि व्यवस्था रहेको देखिन्छ । राजाको दरवार क्षेत्रको वरपर रही उनकै स्वामित्व अन्तर्गत आउने भूमि सेरा कहलाइन्थ्यो, धार्मिक संस्थाको स्वामित्वमा रहेकोलाई गुठी, ब्राम्हण वर्गको वृत्तिको निम्ति प्रदान गरिएको भूमि विर्ता र कर्मचारीलाई पारिश्रमिकको रुपमा प्रदान गरिएको भूमिलाई जागिर भनिन्थ्यो । राज्यलाई नियमित कर तिर्ने शर्तमा जोतभोग गर्ने अधिकार सहितको भूमि चाँहि रैकर भूमि मानिन्थ्यो । रैकर बाहेकका जमिनका जोताहाहरु अधिकांश हली, गोठाला, ज्याला मजदुर वा कमाराका रुपमा रहने हुँदा भूमि अधिकारबाट बञ्चित रहेका थिए । जो भूमिका मालिक हुन्थे उनकै इच्छा, आवश्यकता वा निर्देशन बमोजिम भूमिको उपयोग, सुधार तथा कृषि उत्पादन प्रवन्ध पनि मिलाइन्थ्यो । उचित ज्यालाको अवधारणा विकास नभइसकेको त्यस युगमा पाप, धर्म, लोक वा परलोकको आस्थाको आधारमा अथवा भूमि मालिकको चेतनाको आधारमा जोताहाले ज्याला पाउँथ्यो । मरेपछि स्वर्ग पुग्न चाहने कतिपय दयालु मालिकले जोताहालाई उदार भएर जग्गाको अंश नै दान दिएका किंवदन्तीहरु पनि सुन्नमा आएको छ ।

पृथ्वीनारायण शाहको अभियानले एकीकृत नेपालको निर्माण हुन पुग्यो । आधुनिक एकीकृत नेपालमा पनि राज्यको राजश्वको महत्वपूर्ण श्रोत भूमि भएकोले भूमिकर अत्याधिक उठाउने उद्देश्य अनुरुपको भूमि व्यवस्था लागू गर्दै लगियो । केन्द्रीकृत राज्यका प्रतिनिधी बनेर मुलुकका विभिन्न क्षेत्रमा पुग्ने कर्मचारी, सैनिक तथा पण्डित वा पुजारीहरु नै भूमि प्रशासनका मूल हर्ताकर्ता र मालिक बन्न पुगेका देखिन्छन् । विर्ता प्रथा, जागिर प्रथा र जमिन्दारी प्रथा मौलाउदै जाँदा सीमित व्यक्ति वा परिवारको स्वामित्वमा अधिकांश कृषियोग्य जमिन थुप्रिन पुगेको र वास्तविक जोताहाहरु भने भूमिहीन अर्थात भूमि अधिकारविहीन कृषिकर्मीको रुपमा रहेको देखिन्छ । कमारा प्रथा, हलि प्रथा, कमैया प्रथा, मोही प्रथा आदिको अस्तित्वले भूमि अधिकार लगायत अन्य सामाजिक, आर्थिक अधिकारबाट वञ्चित ठूलो जनसमुदायको अवस्था झल्काउँछ ।

मोहियानी हक लगायत भूमि अधिकारबाट जुन परिवार, समुदाय, जाति, लिङ्ग, क्षेत्र वञ्चित रहन पुगे उनीहरु नै गरिव, दलित, उत्पीडित हुन पुगेका देखिएका छन् । त्यसैले पनि आर्थिक समुन्नती र सामाजिक न्यायको आधारको रुपमा भूमि अधिकारलाई लिन सकिन्छ ।

नेपालमा भएका ठूला राजनैतिक आन्दोलनहरु, सामाजिक विद्रोह लगायत राजनैतिक दलका उद्भव पनि भूमि अधिकारको सवालसँग गाँसिएको देखिन्छ । वि.स.२००४ मा स्थापित काँग्रेस तथा २००६ मा स्थापित कम्युनिष्ट पार्टीले राणा शासन विरोधी आन्दोलनको दौरानमा एक प्रमुख कार्यक्रमको रुपमा 'जसको जोत उसको पोत' को नारा उठाएका थिए । क्रान्तिकारी भूमिसुधारको नारा दिएर भएको आन्दोलनले २००७ को परिवर्तन त आयो तर अपेक्षित भूमि अधिकारको व्यवस्था हुन नसकेकोले विभिन्न किसान आन्दोलन उठे । वि.स. २००९ र २०1० मा प्युठान देखि बारा, रौतहटसम्म थुप्रै किसान विद्रोह भए । देशमा उठेको किसान विद्रोह दवाउन भारतीय सेना समेत ल्याई दमन गरियो जसमा किसान नेता भिमदत्त पन्तको हत्या भएको थियो (कृष्ण वहादुर थापा, Apr. 1991) ।

वि.स.२०२८ मा भएको झापा किसान विद्रोह कै क्रममा अहिलेको नेकपा एमालेको माउ संगठन नेकपा मालेको जन्म भएको थियो । संयोग नै मान्नुपर्ला अहिलेको माओवादी विद्रोहको मूल नारा पनि कृषिक्रान्ति नै रहेको छ र भूमि अधिकारबाट पीडितहरुलाई समेटेर आमूल परिवर्तन गर्ने लक्ष्य उसले लिएको छ । यसरी हेर्दा के देखिन्छ भने गरिवी निवारण लगायत राजनैतिक विद्रोहलाई समाधान गर्दै सामाजिक समुन्नती तर्फ लाग्न पनि भूमि अधिकार स्थापित गर्नु आधारभूत पक्ष हुनजान्छ ।

## २.२. कानूनी व्यवस्था

भूमि प्राकृतिक स्रोत हो । जनसंख्याको वृद्दिसँगै भूमिमा चाप बढ्दै गएपछि राज्यहरुले भूमिमाथिको नियन्त्रण गर्न थालेका हुन् । यसको व्यवस्थापनका लागि राज्यले विभिन्न नीति तथा कानूनहरु निर्माण गरेको छ । भूमि प्रशासन, भूमिकर, मोहियानी अधिकार र भूमि प्रयोगको इतिहास हेर्दा जयस्थिति मल्लको पालादेखिका अभिलेख पाइन्छन् । विभिन्न समयमा सरकारले विभिन्न किसिमका नीति, ऐन तथा कानून निर्माण गरेको छ । यसमा प्राय:जसो स्वामित्व, हदवन्दी र मोहियानीका विषयले नै बढी ठाउँ पाएका छन् ।

भूमिसुधार र व्यवस्थापनमा महत्व राख्ने पहिलो ऐन विर्ता उन्मूलन ऐन २०१६ हो । यसपछि भूमि सुधारको क्षेत्रमा सर्वाधिक महत्व भूमिसम्बन्धी ऐन २०२१ ले राख्दछ । द्वैध स्वामित्वको अन्त्य गर्ने प्रयासस्वरुप २०५३ सालमा गरिएको भूमि ऐनको चौथो संशोधन पनि यस क्षेत्रमा महत्वपूर्ण मानिन्छ । कानुनी व्यवस्था सँग सम्वन्धित विधिन्न सनद, ऐन तथा नियमहरु यस प्रकार रहेका छन् ।

**सनद, सवाल र रुक्काहरु**

१. जयस्थिति मल्लको स्थिति, वि.सं. १४३८-१४५२
२. रामशाहले चलाएको स्थिति वि.सं. १६६३-१६९०



३. बहादुर शाहकालिन भूमिव्यवस्था - वि.सं. १८४८
४. भूस्वामित्व मोहियानी अधिकार रजिष्ट्रेशन शैली - १८८३
५. कुलो बनाउने सम्बन्धी लालमोहर - वि.सं. १८९१
६. जग्गा खिचोला मुद्दामा जारी भएको लालमोहर - वि.सं. १८९१
७. साविक वन्देज वमोजिम जग्गा भोग गर्ने - वि.सं. १८९६
८. नुवाकोटको भूमि व्यवस्था - १९०९
९. मालपोत बाँकिमा कैद परी छुटेका व्यक्तिलाई पुन: जिम्मावाली नदिने - वि.सं.१९९२
१०. रजिष्ट्रेशनको लागि दौडाहा खटाउने - वि.सं. १९९२
११. जिल्लाका रजिष्ट्रेशन तर्फका कारिन्दाको नियुक्ति - वि.सं. १९९५
१२. काइतेलाई नापीमा जागिर नदिने - वि.सं.१९९६
१३. फकिर जोगीलाई खुवाउने गुठी रकम वृद्धि - वि.सं.१९९६
१४. रजिष्ट्रेशन गर्न ढिलाई गर्ने कर्मचारी उपर उजुरी गर्न पाउने - वि.सं.१९९८
१५. जग्गा रजिष्ट्रेशन सम्बन्धी थप कार्यविधी - वि.सं.१९९८

**आयोग तथा कमिशन**

१. भूमिदारी अधिकार प्राप्ति कानून मस्यौदा - २००८
२. भूमि जाँच कमिशनको गठन - २००८
३. भूमिसुधार कमिशनको गठन - २००९
४. १३ सुत्रीय योजना -२०१२
५. उच्चस्तरीय भूमिसुधार (वडाल) आयोगफ - २०५१

**ऐनहरु**

१. मुलुकी ऐन, १९१०
२. विर्ता उन्मुलन ऐन, २०१६
३. जग्गा (नाप जाँच) ऐन, २०१९
४. मुलुकी ऐन,२०२० तथा गुठीको महल
५. भूमि सम्बन्धी ऐन, २०२१
६. उखडा सम्बन्धी ऐन, २०२१ (नवलपरासी, रुपन्देही र कपिलबस्तुमा मात्र लागु हुने)
७. राप्ती दुन विकास क्षेत्रको जमिनको ( विक्रिवितरण) व्यवस्था ऐन, २०२४
८. भूमि प्रशासन ऐन, २०२४
९. झोरा क्षेत्रको जग्गा सम्बन्धी ऐन, २०२८ (मोरङ्ग, सुनसरी र झापा जिल्लाको झोरा क्षेत्रमा मात्र लागु भएको )
१०. खर्क जग्गा राष्ट्रियकरण गर्ने ऐन, २०३१

११. गुठी संस्थान ऐन, २०३३

१२. गुठी संस्थान ऐन, २०३३ र यस पहिलेका गुठी सम्बन्धि ऐनहरु

१३. मालपोत ऐन, २०३४

१४. जग्गा प्राप्ति ऐन, २०३४

वि.सं.२००७ सालपछि भूमिको समुचित उपयोग र भूमिमा रहेको सामन्तवादी प्रवृतिको नियन्त्रण गर्ने कार्य राजनीतिक फाइदा लिने विषय मात्र भएको पाइन्छ । विभिन्न आयोग, योजना तथा कमिशनको निर्माण भएपनि तिनीहरुबाट प्राप्त सुझाव कार्यान्वयन भएको पाइदैन । नीति निर्माणको तहमा पीडित (जग्गा जोत्ने) व्यक्तिको प्रतिनिधित्व गराइँदैन् । देशको व्यवस्था परिवर्तन क्रममा शोषित पीडित जनताको हित गर्ने प्रचार गरिए पनि वास्तविक वर्गले ऐन कानूनको सुविधा उपयोग गर्न पाएको देखिदैन ।

प्राकृतिक स्रोत भूमिको वितरणमा चर्को असमानता रहेको सन्दर्भमा समतामुलक, व्यवहारिक र उचित ऐन, कानून र नीतिको निर्माण तथा त्यसको समुचित कार्यान्वयनको आवश्यकता महसुस भएको छ । तर विडम्बनाको कुरा के हो भने, राजनैतिक व्यवस्थाहरु नै परिवर्तन भईसक्दा समेत अझै वि.सं २०२१ को त्रुटिपूर्ण भूमि ऐन अवलम्वन गरिरहेका छौं । अवको आवश्यकता भूमि ऐनमा संशोधन नभएर नयाँ जनमुखी ऐनको हो ।

## २.३. भूमिव्यवस्था भित्रका समस्या तथा शोषणका रूपहरू

### २.३.१. मोहियानी हक

जग्गावालको जमिनमा श्रम गरेवापत जोतिरहेको जमिनमा आंशिक स्वामित्व प्राप्त हुने व्यवस्थालाई मोहियानी व्यवस्था भनिन्छ । भूमिसम्बन्धी ऐन २०२१, मोहियानी हक सुनिश्चित पार्ने ऐनका रुपमा चर्चित थियो । यो ऐनअनुसार कृषकले जग्गाधनीको जग्गाबाट उव्जाई कुनै एक मुख्य बालीसम्म कुतको रुपमा बुझाई त्यसको भर्पाई लिएको छ भने उक्त व्यक्ति स्वत: मोही कायम हुने व्यवस्था थियो । अर्थात यसपछि जग्गामा द्वैध स्वामित्व कायम हुन्थ्यो । तर यो ऐनमा २०५३ साल पुसमा भएको चौथो संशोधनले मोहियानी हक प्राप्त हुने व्यवस्थाको अन्त्य गरेको छ । जसबाट कानूनको नजरमा मोही बन्न नसकेका करिब साढे चार लाख कृषकहरू मोहियानी अधिकार प्राप्त गर्ने अवसरबाट वञ्चित भएका छन् ।

सामन्ति प्रथा भएको नेपाल जस्तो देशका लागि मोहीले मोहियानी हक प्राप्त गर्ने व्यवस्था एउटा क्रान्तिकारी कदम थियो । दोहोरो स्वामित्वको कारण जमिनमा जग्गाधनी र मोही दुवैथरि लगानी गर्न



- ***प्राकृतिक स्रोत, भूमिको वितरणमा चर्को असमानता रहेको सन्दर्भमा समतामुलक, व्यवहारिक र उचित ऐन,कानून र नीतिको निर्माण र त्यसको समुचित कार्यान्वयनको आवश्यकता महसुस भएको छ ।***
- ***अरूको जमिन जोत्नुपर्ने स्थितिको समाप्ति नभई मोहियानी हक खोसिनु अन्ततोगत्वा जमिनदार कै पक्षमा कानून बनाउनु हो ।***

अनिच्छुक भएको र यसबाट किचलो बढेको कारण देखाई मोहियानी हक नपाउने कानुनी व्यवस्था गर्नु, पहिले पुस्तौंदेखि जमिनमा रगत पसिना बगाई खेती गर्दै आएका गरिव किसानलाई मोहियानी अधिकार दिएर मात्र यस्तो व्यवस्था लागू गरिनु पर्दथ्यो । अरुको जमिन जोत्नुपर्ने स्थितिको समाप्ति नभई मोहियानी हक खोसिनु अन्ततोगत्वा जमिनदार कै पक्षमा कानून बनाउनु हो । मोहियानी हकलाई सुनिश्चितता प्रदान नगरी यसरी एकाएक जमिन खोसिनुले मुलुकको गरिवीलाई झन बढाएको छ ।

### २.३.२ गुठी

गुठीको जग्गा नेपालमा थुप्रै भए पनि यसको एकिन तथ्यांक पाईएको छैन । गुठी संस्थानका अनुसार गुठीको जग्गा ७१ हजार १ सय ५३ विगाहा र ३ लाख ८९ हजार १ सय ४४ रोपनी रहेको छ । उपलव्ध कुन जग्गा कुन गुठीको हो र कुन गुठीको कुत लिने आधिकारिक व्यक्ति को हो भन्ने अन्यौल जतातत्तै छ । यही कारण वर्षौंदेखि कुत बुझाइरहे पनि कुत लिने व्यक्तिको आधिकारिकता स्पष्ट नभएकाले जोताहाले जग्गामाथि स्वामित्वका लागि दाबी गर्न नपाउने स्थिति सिर्जना भएको छ ।

सरकारी तवरबाट कमाएको प्रमाणित हुने गुठी जग्गाका लागि निश्चित रकम तिरेर आफ्नो बनाउन सकिने व्यवस्था गरिएको छ । तर एकातर्फ यस्तो जग्गा वर्षौंदेखि कमाइरहेकासँग गाउँमा ठालूले गर्ने जालझेलका कारण प्रमाण छैनन् भने अर्कोतर्फ प्रमाण भएकाले पनि गुठी संस्थानका सर्त पूरा गरेर जमिन आफ्नो नाममा ल्याउन सक्ने अवस्था अत्यन्तै कम छ । कुतलाई नगदमा परिणत गर्दा राखिएको चर्को भाउ र जमिनको पनि भाउ निकै बढाइएकाले भारी मात्रामा छुट नदिई अर्थात् यसमा नघटाउन्जेल गुठी संस्थानले जोताहा किसानलाई जग्गा आफ्नै गराउन दिएको अवसर किसानले उपयोग गर्न नसक्ने स्थिति प्रष्ट छ ।

गुठी जग्गा रैतानी गर्न पाउने व्यवस्था भएपनि धेरै वास्तविक मोहीहरुको फिल्डवुकमा नाम नलेखिएकाहरुले यो हक प्राप्त गर्न सक्ने अवस्था छैन ।

### २.३.३.भूमिहीनहरुको समस्या

नेपालमा कति परिवार भूमिहिन छन् भन्ने कुराको एकीन तथ्याङ्क भेटिएको छैन । पछिल्लो जनगणना अनुसार १० लाख परिवार अझै पनि भूमिहीन रहेको पाईएको छ । यिनीहरुको बसोवासको ठेगान छैन । यी कहिले सरकारी जग्गामा वसोवास गर्छन त कहिले नदीका किनारमा । विहान खाए वेलुका के खाऔं भने समस्यामा रुमल्लिएका यी परिवार अन्य विकासका अवसरबाट समेत बञ्चित रहेका छन् । मुलुकको सवभन्दा गरिव यो समूहलाई बसोवासको आधार खडा नगरेसम्म गरिवी कम गर्न पनि कठिनाई भइरहेको छ ।

### २.३.४. मुक्त कमैया

दासप्रथाको अवशेषका रुपमा रहेको कमैया प्रथा झाँङ्गिन भूमिसुधारको असफलता एक महत्वपूर्ण कारक बन्यो । भूमिसुधारको लक्ष्य पूरा भएको भए यो वर्ग पनि त्यसको लक्ष्यमा

समेटिन सक्थ्यो र यसो हुन सकेको भए कमैया प्रथा बढ्नुको सट्टा घट्दोरुपमा पाइन्थ्यो ।

खानकै लागि अरुको शरण पर्नुपर्ने कमैयाको बाँध्यताबाट फाइदा उठाएर थुप्रै जमिन्दारले उनीहरुलाई वर्षौंदेखि थिचोमिचो गरिरहे । आफ्नो जमिनको काम सुनिश्चित गराउन उनीहरुको कमजोर पक्ष र बाध्यतालाई माध्यम बनाएर शोषण तीब्र बनाए । फलस्वरुप करिब २० हजार कमैया परिवार पनि भूमिसुधार कार्यक्रमको असफलताको सिकार बन्न बाध्य भए ।


- ***अहिले कमैया मुक्त भएको घोषणा त गरिएको छ तर त्यसको सट्टा भरपर्दो वैकल्पिक व्यवस्था सरकारी पक्षबाट नअपनाइँदा घोषणाको अर्थ बुझ्न उनीहरू स्वयंलाई हम्मे परिरहेको छ ।***
- ***हजुरबुवाको पालामा ऋण लिँदा हलिया वन्नु परेकाहरू नातीको पालासम्म मुक्त हुन सकेका छैनन् । हलियामा यसरी पुस्तौं काम गर्दा पनि उसको ऋण भने कहिल्यै घट्दैन, बरू थपिँदै जाने गरेको देखिएको छ ।***


अहिले कमैया मुक्त भएको घोषणा त गरिएको छ तर त्यसको सट्टा भरपर्दो वैकल्पिक व्यवस्था सरकारी पक्षबाट नअपनाइँदा घोषणाको अर्थ बुझ्न उनीहरु स्वयंलाई हम्मे परिरहेको छ। राज्यले वितरण गर्ने भनिएको जग्गा र घर बनाउनका लागि काठ सबैले पाउन सकेका छैनन्। अर्कोतर्फ कयौं ठाउँमा वितरित जग्गाधनीपूर्जा अनुसारको जग्गासमेत पाइएको छैन ।

एकातर्फ मुक्तिको घोषणापछि पनि १० प्रतिशत कमैया साहूकै घरमा बसिरहेको अनुमान छ भने अर्कोतर्फ यस्तो अवस्थाको सिर्जनाले साहूको कठोर पर्खालबाट बाहिर आइसकेका मुक्त कमैया पुनः कमैया बस्न उनीहरुकहाँ नै धाइरहेका घटना पनि दोहोरिइ रहेका छन् । यस्तो अवस्थामा उनीहरुकै जग्गामा निशुल्क काम गरिदिने र त्यसको सट्टा खान मात्र दिए हुने सम्झौता गर्न पनि उनीहरु बाध्य भइरहेका छन् ।

### २.३.५. हलिया

करिब करिब कमैया प्रथासँग मिल्ने यो प्रथामा केही ऋण दिएकै भरमा व्याजवापत उसलाई वर्षौं काम लगाइने गरिएको छ । हजुरबुवाको पालामा ऋण लिँदा हलिया वन्नु परेकाहरु नातिको पालासम्म मुक्त हुन सकेका छैनन् । हलियामा यसरी पुस्तौं काम गर्दा पनि उसको ऋण भने कहिल्यै घट्दैन, बरु थपिँदै जाने गरेको देखिएको छ । खानकै लागि मात्र हलिया बस्नेको सूची पनि निकै लामो पाइन्छ भने कामको सिजनमा मात्र हलिया राख्ने र अरु बेला नराख्ने भएकाले बेसिजनमा खानका लागि अन्यत्र भौतारिनुपर्ने बाध्यता पनि हलियाहरुमा पाइन्छ ।

विशेषगरी सुदूरपश्चिमका पहाडी इलाकामा यो प्रथाले गतिलो जरो गाडेर बसेको पाइन्छ । यसमा अछुत भनिने जातिका व्यक्तिहरु नै बढि मारमा परेका छन् । दरिद्र आर्थिक अवस्था र समाजले तल्लो वर्ग ठान्दै अवसरहरुबाट वञ्चित गराउँदै आएकाले उनीहरु यो शोषणबाट बढी पीडित छन् । यद्यपि हलीहरुको एकिन तथ्यांक भने छैन । ठूलो जाति भएको अहंमा आफू पनि नजोत्ने र जोत्नेलाई पनि समयअनुसारको ज्याला दिन नसक्ने कायरहरु नै हलिया राख्ने वर्गमा पर्छन् ।

### २.३.६. अधिँया, बटैया र जिरायत

जग्गावालको जमिन कमाएर त्यसको आधा उत्पादन जग्गावाललाई र आधा आफुले राख्न पाउने प्रथालाई पहाडमा अधिँया र तराईमा बटैया भनिन्छ । यस वापत केहीको खेतीमा लाग्ने मल र बिउ जग्गावाल र जोताहा दुवैले आधा आधा व्योहोर्ने चलन रहेको पाईन्छ भने अधिकांशको जोताहा स्वंयले व्योर्होनु पर्ने चलन छ । तराईका केही जिल्लाहरुमा बटैयामा जमिन कमाए बापत जग्गावालको केही जमिन निःशुल्क रुपमा जोतिदिनु पर्ने हुन्छ । त्यस बापत जमिन जोत्नेहरुले केही पनि पाउँदैनन् । त्यसलाई जिरायत प्रथा भनिन्छ । कमैया प्रथाको उन्मुलनसँगै यो प्रथा एकाएक बढ्न गएको छ ।

### २.३.७. ऐलानी जग्गाको व्यवस्थापन र बसोबासको ग्यारेण्टी

तराईका केही जिल्लाहरुमा अधिकांस समुदायको बसोबास ऐलानी जग्गामा रहेको छ । समुदायले उक्त जग्गालाई दर्ता छुट भएकोले दर्ता गरि जग्गाधनीपुर्जा दिनु पर्ने भनेपनि यो समस्या समाधान हुन सकेको छैन । सरकारले यस्तो जग्गालाई आफ्नो बन क्षेत्र भित्र पर्ने जग्गाको रुपमा दावी गर्ने गर्दछ । सरकारका अन्य सुविधा पानी, स्वास्थ्य चौकी, आदि सामाजिक सुविधा समेत पुगेका यी बस्ती र खेतियोग्य जमिन किसानकै नाममा दर्ता नहुँदा यिनीहरुको बसोबासको ग्यारेन्टी एकातिर छैन भने जग्गाधनी पुर्जा हुनेहरुले राज्यबाट पाउने सुविधाहरुबाट यो समुदाय पुर्णतः बन्चित छ । अधिराज्यका कतिपय वसोवास र व्यक्तिले भोग गरिरहेको जग्गा व्लकमा नापिएकोले पुर्जा लिन र त्यसको वास्तविक प्रयोग गर्नबाट किसानहरु बञ्चित हुदैं आएका छन् ।

### २.३.८. हदवन्दी

जमिनको न्यायोचित वितरण गरी गरिब, सुकुम्बासी, वास्तविक जोताहा, कृषि मजदूर आदिलाई पनि विभिन्न अवसर उपलब्ध गराउने र आर्थिक समतामूलक समाज निर्माण गर्ने सोचले बेलाबेलामा हदबन्दी कार्यक्रमलाई पनि भूमिसुधारको प्रमुख पाटोसँग जोडेर घोषणा गर्ने गरिएको छ ।

- ***भूमि अधिकारीहरूको नियुक्ति राजनीतिक तवरबाट हुने परिपाटी, राजनीतिक लाभहानीका हिसावले यसलाई गणना गरिने सोच, कार्यान्वयन पक्षमा जमिनदारको प्रभुत्व तथा लोभलालचमा पर्ने बानी परेका कर्मचारीतन्त्रको पक्षपाती प्रवृत्तिका कारण यो घोषणामै मात्र सीमित हुन पुगेको हो ।***

भूमिसम्बन्धी ऐन २०२१ का ४ वटा मुख्य प्राथमिकताभित्र परेको यो हदबन्दी कहिल्यै कार्यान्वयन हुन सकेको छैन । पछिल्लो पटक २०५८ सालको साउनमा तत्कालिन देउवा सरकारले बडो क्रान्तिकारीरुपमा घोषणा

गरेको हदबन्दी घटाउने कार्यक्रम कार्यान्वयन हुन सकेन । भूमि अधिकारीहरुको नियुक्ति राजनीतिक तवरबाट हुने परिपाटी, राजनीतिक लाभहानीका हिसावले यसलाई गणना गरिने सोच, कार्यान्वयन पक्षमा जमिनदारको प्रभुत्व तथा लोभलालचमा पर्ने बानी परेका कर्मचारीतन्त्रको पक्षपाती प्रवृत्तिका कारण यो घोषणामै मात्र सीमित हुन पुगेको हो ।

यसअघि २०२१ सालदेखि २०२३ सालसम्म तीन चरणमा लागू गरिएको यो कार्यक्रमले १४ जिल्लाका ४७ हजार ८ सय ५ विघा ४ कठ्ठामात्र जमिन प्राप्त गर्न सकेकोबाट पनि माथिका कारक यसको कार्यान्वयनमा हावी भएको स्पष्ट हुन्छ । यस समयमा हदवन्दीबाट ६ लाख हेक्टर जमिन प्राप्त गरी गरिव गुरुवालाई वितरण गर्ने लक्ष्य थियो ।

### २.३.९. जमिनको उपयोग

कतिपय जमिन्दार वा जग्गाधनीले किसानलाई खेती गर्न दिँदा जग्गा नै हडप्ने हुन्कि भन्ने कलुषित मनसाय राखि कतिपय ठाउँमा जग्गा नै बाँझो छाड्ने गरेको पाईन्छ । जसले गर्दा भूमिको दुरुपयोग एवं राष्ट्रको आम्दानीमा नै असर पुग्न जाने हुन्छ । किनकि उब्जाउ हुने भूमिको सहि सदुपयोग नहुँदा कृषि उत्पादनमा ह्रास आउने हुन्छ । भूमिसुधार हुन नसकेकै कारणले मुलुकको २० प्रतिशत जमिन बाँझो रहेको छ । यसको प्रत्यक्ष असर उत्पादनमा परेको छ । वडाल आयोगले ०५२ सालमा गरेको हिसावमा यसबाट वर्षेनी मुलुकलाई ६० अर्ब नोक्सान हुने देखिएको थियो ।

## २.४. भूमि व्यवस्था भित्रका तहगत समस्या

### २.४.१. नीतिगत तहमा भएका सवालहरु

- कृषिमा आधारित हाम्रो मुलुकको गरिबी मुख्यतया भूमि व्यवस्थासँग गाँसिएको छ । तर गरिवी निवारणका कार्यक्रमलाई भूमिसँग गाँसेर लैजाने र सवभन्दा कमजोर वर्ग भनेको भूमिअधिकार नपाउने वर्ग हो भन्ने विषय आम सवाल बन्न सकेको छैन ।
- जग्गासम्बन्धी कानून संशोधन गरिँदा वा नीति घोषणा गरिँदा जोताहा र मोहीको तहमा छलफल र उनीहरुको प्रतिनिधित्व गराईने गरिदैंन । जसका कारण भूमि अधिकारबाट बञ्चितको समस्याले संशोधन हुने ऐनमा उचित ठाउँ पाउन सकेको छैन ।
- सुकुम्बासी, मोही, बेदर्तावाल मोही, कृषि मजदुर आदिको संख्या, अवस्था आदिबारे एकीन र समग्र अध्ययन/अनुसन्धान नगरिनु तथा तथ्याङ्क उपलब्ध नहुनु, यस क्षेत्रको प्रमुख समस्या रहेको छ ।
- ऐलानी र पर्ति जग्गा सम्बन्धमा एकीन ठोस नीति बन्न सकेको छैन ।
- सुकुम्बासी समस्या समाधान गर्ने, बढ्न नदिने तथा उनीहरुलाई दिइएको जमिन बिक्री गर्न नपाइने जस्ता राष्ट्रिय नीति राज्यले अगाडि ल्याउन सकिरहेको छैन ।




- ***भूमि सम्बन्धी ऐन २०२१ को दफा ३०, ५२ तथा सोहि ऐन कार्यान्वयन गर्न बनेको भूमि सम्वन्धी नियमावलीको दफा ४१ क मा कुनै जिल्ला, क्षेत्र वा ईलाकाका वास्तविक मोहीहरुले मोहियानी हक पाएका छैनन् भन्ने लागेमा सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक समितिको गठन तथा अधिकारीहरुको नियुक्ति गरी उनीहरुले गर्नुपर्ने काम समेत तोक्ने व्यवस्था छ । जसमा जोतभोगको आधारमा मोहियानी हक दिन सक्ने अवस्था विद्यमान छ ।***


- भूमि सम्बन्धी ऐन २०२१ को चौथो संशोधन २०५३ को दफा २५(२) ले कुनै जग्गावालको जग्गा कुनै सर्तमा कमाए वापत त्यस्तो व्यक्तिलाई मोही हक प्राप्त नहुने व्यवस्था गरेको छ । उक्त व्यवस्थाको कारण जमिन जोतिरहेर पनि कानुनी प्रमाणको अभावमा मोहियानी हक पाउन नसकेका चार लाख ५० हजार गरिव भूमिहीन र दलित परिवार अन्यायमा परेका छन् ।
- भूमि सम्बन्धी ऐन चौथो संशोधन हुनुपुर्व कसैले जग्गावालसँग दोहोरो लिखित कवुलियतनामा गरी त्यसको प्रमाणित प्रति जग्गा रहेको गा.वि.स. वा नगरपालिकामा दाखिला गरेको रहेछ भने सो अरुको जग्गा कमाउने व्यक्तिले ऐन संशोधन भएको मिति २०५३ ।९।२४बाट ६ महिना भित्रमा मोहियानी हक कायम गरी पाउन निवेदन दिन सक्ने व्यवस्था थियो । जुन समयावधी अत्यन्त अन्यायपूर्ण छ ।
- भूमि सम्बन्धी ऐनको पाचौं संशोधन विधेयक २०५८ मा पनि जग्गा बाँडफाँड गरी पाउन निवेदन दिने म्याद ६ महिना मात्र तोकेको छ । सो समय भित्र मोही जनिएकाहरुले निवेदन दिन सक्ने अवस्था त भएन नै उनीहरुले त्यो व्यवस्थाका विषयमा थाहा समेत पाउन सकेका छैनन् ।

### २.४.२ कार्यान्वयन तहमा भएका सवालहरु

- भूमि सम्बन्धी ऐन २०२१ को दफा ३०, ५२ तथा सोही ऐन कार्यान्वयन गर्न बनेको भूमि सम्वन्धी नियमावलीको दफा ४१ क मा कुनै जिल्ला, क्षेत्र वा ईलाकाका वास्तविक मोहीहरुले मोहियानी हक पाएका छैनन् भन्ने लागेमा सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक समितिको गठन तथा अधिकारीहरुको नियुक्ति गरी उनीहरुले गर्नुपर्ने काम समेत तोक्ने व्यवस्था छ । जसमा जोतभोगको आधारमा मोहियानी हक दिन सक्ने अवस्था विद्यमान छ । तर यो दाङ जिल्ला बाहेक अन्यत्र लागू भएको पाईदैंन ।
- भू.सु. ऐनको दफा २६ (झ) मा मोही लागेको जग्गा मोही र जग्गाधनीबीच बाँडफाँड

भएपछि आधा जग्गा पनि मोहीलाई खरिद गर्न प्रोत्साहन गर्ने उद्देश्यले श्री ५ को सरकारले आफैं वा कुनै वित्तिय संस्था मार्फत त्यस्ता व्यक्तिलाई आवश्यक पर्ने रकमको व्यवस्था गर्न सक्ने उल्लेख छ । तर सो व्यवस्था ऐन बनेको ७ वर्ष बितिसक्दा पनि कहीं कतै कार्यान्वयन भएको छैन ।

- मोही कायमका लागि र जग्गा बाँडफाँडको लागि जिल्ला भूमिसुधार कार्यालयमा परेका निवेदन उपर कार्वाही अत्यन्त ढिलो र जटिल छ । विभिन्न कागजातहरुमा जग्गावालको र मोहीहरुको नाम, ठेगाना, कि.नं, आदि फरक पर्नाले किसानहरुले हकबाट बञ्चित हुन परिरहेको छ ।
- राज्यद्वारा घोषित नीति, कानून आदिको प्रभावकारी कार्यान्वयन भएका छैनन् ।
- जग्गावालले मोहीलाई प्रभाव पारि केही रकम लिएर वा पहिलेको लिनु आदि कटाएर मोही लागेको पुरै जमिन पुनः आफ्नै नाममा बनाउने गरिरहेका छन् ।
- मोही लागेको जमिन धितो रोक्का राखिदिने, अरुलाई बेचिदिने, नामसारी गरिदिने, दर्ता नगरिदिने जस्ता मोही विरोधी कार्य भईरहेको छ ।
- सम्बन्धित कार्यालयमा मोही, बेदर्तावाल मोही, जग्गाधनी, कसले कसको कति जमिन कहिलेदेखि कमाइरहेको भन्ने जस्ता तथ्य/तथ्यांक नहुनु, भएका पनि बीसौं वर्षअघिका हुनु र त्यसलाई अद्यावधिक गरिएको पाईदैंन ।
- मोही, जोताहाको हक हित प्रवर्द्धन गर्ने कार्यक्रम तथा समय समयमा जारी हुने सरकारी सूचना, नयाँ नीति उनीहरुसम्म पुऱ्याउने कुनै प्रभावकारी संयन्त्र रहेको छैन ।

> - ***भू.सु. ऐनको दफा २६ (ङ) मा मोही लागेको जग्गा मोही र जग्गाधनीबीच बाँडफाँड भएपछि आधी जग्गा पनि मोहीलाई खरिद गर्न प्रोत्साहन गर्ने उद्देश्यले श्री ५ को सरकारले आफैं वा कुनै वित्तिय संस्था मार्फत त्यस्ता व्यक्तिलाई आवश्यक पर्ने रकमको व्यवस्था गर्न सक्ने उल्लेख छ । तर सो व्यवस्था ऐन बनेको ७ वर्ष बितिसक्दा पनि कहीं कतै कार्यान्वयन भएको छैन ।***

### २.४.३ किसानको तहमा भएका सवालहरु

- थोरै जोताहा किसानलाई छाडेर बाँकिलाई भूमि अधिकार, मोहियानी तथा गुठी विषयको कानुनी जानकारी छैन ।
- हक पाउन आवश्यक प्रमाण भएका किसानहरुमा पनि निवेदन हाल्दा यही कमाईरहेको जग्गा पनि नपाउने हो कि ? भन्ने डर छ । आर्थिक श्रोतको अभावमा पनि हकका लागि



निवेदन हाल्न सकेका छैनन् ।

- वर्षौंदेखि जमिन कमाइरहे पनि जोताहाको प्रमाण पत्र वास्तविक जोताहाले पाउन सकेका छैनन् ।
- जनप्रतिनिधीले जोताहाभन्दा साहूको पक्षमा वकालत तथा काम गर्ने पाईएको छ ।
- भूमि अधिकार र भूमि नीति तथा कानूनको विषयमा जानकारीको अभाव तथा विभाजित समुदाय पनि ठुलो समस्याको रुपमा रहेको छ ।

❀❀



# परिच्छेद - ३

# भूमि अधिकारका लागि वकालत

## ३.१. भूमि अधिकार

साधारण शब्दमा भन्नुपर्दा प्रकृतिको स्वतन्त्र उपहारको रूपमा प्राप्त भूमिलाई जब मान्छेले आफ्नो श्रम लगाई खनजोत, मलजल तथा स्याहार-सुसार गरेर उत्पादनयोग्य बनाउँछ, त्यसपछि उक्त जमिनको सामाजिक स्वामित्वका निम्ति दाबी गर्न पाइने हकलाई नै भूमि अधिकार भन्न सकिन्छ । भूमि मान्छेले आविष्कार गरेको वा बनाएको वस्तु होइन । प्राकृतिक श्रोतका रूपमा रहेको भूमिलाई मान्छेले आफ्नो श्रम तथा बुद्धि लगाएर खेतीयोग्य तुल्याएको हो । त्यसैले भूमि अधिकार भनेको भूमिको व्यवस्थापन गर्ने अधिकार, भूमिबाट उत्पादन गर्ने अधिकार, आफूले जोतेको जमिन वा आफ्नो स्वामित्वमा रहेको जमिन अरुलाई बिक्रि गर्न पाउने अधिकारसमेत पर्न जान्छ ।

ऐतिहासिक रुपमा, सामाजिक न्यायको हिसाबले विचार गर्दा जुन जमिन जसले जोत्दै आएको छ, त्यसको सामाजिक स्वामित्व स्वभाविक रुपमा उसैको हुन्छ । जमिनको जोताहा हुनु नै भूमि अधिकार दावी गर्ने मौलिक आधार हो । त्यसैले होला "जसको जोत उसको पोत" जस्ता भनाइहरू समाजमा स्थापित हुँदै आएका छन् । भूमि अधिकारको व्यवस्था मिलाउने सामाजिक परिपाटी तथा ऐन, कानूनसमेत जमिन जोत्नेको भन्ने प्रस्तावना अनुसार नै बन्दै आएको देखिन्छ । तथापि सामाजिक शक्ति संरचना एवं शासन-प्रणालीमा आएका विभिन्न परिवर्तनले भूमिअधिकारको व्यवस्थालाई पनि अदलबदल पार्दै ल्याएको छ । जोताहाको अधिकारलाई कुण्ठित पार्दै भूमि अधिकारको हालिमुहाली जमिनदार, साहु, विर्तावाल, जागिरवाल र मुखिया तथा प्रशासकहरूमा पुगेको सामाजिक आर्थिक इतिहासले देखाएको छ । यस्तो प्रकारको राजनीतिक विकासक्रमले एकातिर जोताहा किसानको भूमि अधिकार हनन् हुने अवस्था सिर्जना भई सामाजिक उत्पीडनको जालो तयार भयो भने अर्कोतिर कृषि उत्पादनलगायत समग्र आर्थिक विकासक्रम पछौटे अवस्थामा खुम्चन पुग्यो । यसैको कारण समाजमा सम्पन्न र विपन्नबीचको खाडल गहिरिएर निरपेक्ष गरिबीको अवस्था बढ्न थाल्यो ।

त्यसकारण अहिलेको सन्दर्भमा भूमि अधिकार भन्नाले जोताहा किसानको भूमि अधिकारले प्रमुखता पाउनु पर्छ । भूमि अधिकार हनन् हुने समूहमा मोही, हली, मुक्त कमैया, सुकुम्बासी, कृषि मजदुर, साना किसानलगायत गुठीको जग्गा कमाउने किसान समेत पर्दछन् । सामाजिक न्याय स्थापना एवं गरिबी निवारण दुवै हिसाबले भूमि अधिकारको सवालको महत्व बढेको छ । यसका निम्ति राज्यको प्रगतिशील नीति र नागरिक अभियान दुवै आवश्यक छ ।


- ***भूमि अधिकार भन्नाले जोताहा किसानको भूमि अधिकारले प्रमुखता पाउनु पर्छ । भूमि अधिकार हनन् हुने समूहमा मोही, हली, मुक्त कमैया, सुकुम्बासी, कृषि मजदुर, साना किसानलगायत गुठीको जग्गा कमाउने किसान समेत पर्दछन् । सामाजिक न्याय स्थापना एवं गरिबी निवारण दुवै हिसाबले भूमि अधिकारको सवालको महत्व बढेको छ । यसका निम्ति राज्यको प्रगतिशील नीति र नागरिक अभियान दुवै आवश्यक छ ।***

### ३.२. भूमि अधिकारको औचित्य

मानव अधिकारको विश्वव्यापी घोषणापत्रले प्रत्येक व्यक्तिलाई देशको सीमानाभित्र स्वतन्त्रतापूर्वक विचरण र बसोबास गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। यसैगरी खाना, कपडा, घर तथा औषधोपचारको सुविधा पनि उसले पाउनुपर्ने ठहर गरेको छ। यसैगरी हाम्रो संविधानले पनि सबै नागरिकको उचित बसोबासको व्यवस्था मिलाइने कुरा उल्लेख गरेको छ।

- ***नेपालमा जग्गाधनी पूर्जा हुने र नहुने दुई पक्ष छ र पूर्जा हुने पहिलो तथा नहुने दोस्रो दर्जाको नागरिक ठानिन्छन्। सुकुम्बासी, मोहियानी हकबाट वञ्चित जोताहा, कृषि मजदूर आदि यस्ता दोस्रो दर्जाको नागरिकमा गणना हुने गरेका छन्।***

राष्ट्रिय कानूनसरह नै मान्यता प्राप्त अन्तर्राष्ट्रिय सन्धी, घोषणापत्रदेखि राष्ट्रिय कानूनको मुहान संविधान समेतमा यसरी व्यक्तिका लागि बसोबास र जीविकोपार्जनका बारेमा उल्लेख गरिएको पाइन्छ, तर व्यवहारमा यो कार्यान्वयन हुन नसक्दा थुप्रै नेपाली आफ्नो भूमिमाथि घर बनाएर बस्न तथा विचरण गर्न पाउने अधिकारबाट वञ्चित रहँदै आएका छन्।

बसोबास गर्न र गरिखानका लागि भूमि पहिलो आवश्यकता मानिने भएकाले मानव अधिकारका दृष्टिले पनि यो विषयलाई सबैतिरबाट महत्व दिइने गरिएको छ। राज्यद्वारा संचालित विभिन्न सुविधा र सहुलियत प्रयोगका लागि पनि भूमिमाथिको स्वामित्व अनिवार्य गरिएको पाइन्छ। भूमिमाथि स्वामित्वको अभावमा उसले कानून प्रदत्त अधिकारबाट त वञ्चित रहनैपर्छ, अर्कोतर्फ उद्यम गर्ने, पढ्ने जस्ता कार्यका लागि राज्यद्वारा प्रदान गरिने अनुदान, ऋण आदिबाट पनि वञ्चित हुनुपर्ने अवस्था छ। किनकि यस्ता सुविधा प्रयोग गर्न पाउन हाम्रा कानूनले जग्गाधनी पूर्जा अनिवार्य गरेका छन्। त्यसैले जो सँग यस्तो पूर्जा छैन, त्यो स्वतः यस्ता अधिकारबाट वञ्चित रहन्छ।

यसको अर्थ हो- नेपालमा जग्गाधनी पूर्जा हुने र नहुने दुई पक्ष छ र पूर्जा हुने पहिलो तथा नहुने दोस्रो दर्जाको नागरिक ठानिन्छन्। सुकुम्बासी, मोहियानी हकबाट वञ्चित जोताहा, कृषि मजदूर आदि यस्ता दोस्रो दर्जाको नागरिकमा गणना हुने गरेका छन्। त्यसैले हरेक नागरिक जन्मजात स्वतन्त्र हुन र सबैले समान अधिकार प्राप्त गर्न भूमिमाथिको स्वामित्व अत्यावश्यक विषय हो। मानव अधिकारको विश्वव्यापी घोषणापत्रले धारा १ मै उल्लेख गरेको प्रावधान प्रयोगका लागि पनि यो आवश्यक छ किनकि उक्त धाराले घोषणा गरेको छ - सबै जन्मजात स्वतन्त्र हुन्छन् र सबैको समान अधिकार र महत्व छ।

### जग्गामाथि स्वामित्व नहुँदा पर्ने अप्ठ्यारा

जग्गामाथि स्वामित्व नहुनेले राज्यले प्रदान गर्ने सुविधा उपयोग गर्न पाउँदैन। कुनै उद्यम गर्न बैंक ऋण लिनेदेखि घर बनाउन र घर तयार भइसकेपछि त्यहाँ विद्युत मिटर हाल्नसमेत जग्गाधनी पूर्जा चाहिने हाम्रा नियमले ऊ त्यस्ता अधिकारबाट स्वतः वञ्चित हुन्छ।

अर्कोतर्फ आफ्नो जमिन नहुँदा बाँच्नका लागि अरुको जग्गा कमाउनुपर्ने बाध्यताले ऊ अरुको अधिनमा रहनुपर्छ। जसले गर्दा उसको विवेक अरुको वसमा हुन्छ। जग्गा कमाउन लिएवापत श्रीमती र घरका बालबालिकाले साहूकहाँ निःशुल्क तल्लो स्तरका काम गरिदिनुपर्ने बाध्यता आइपर्छ। विशेषगरी तराइमा बसोबास गर्ने चमार, मुसहर, थारु जस्ता पीछडिएका जातिमा यो समस्या रहेको पाइन्छ। नेपालमा दलित तथा आदिबासीहरु पछि पर्नु र उनीहरु ठालू भनिनेबाट सताइनुमा पनि जमिनमाथि स्वामित्व नहुनुलाई नै प्रमुख कारण ठानिएको छ। एक तथ्यांकअनुसार २२ प्रतिशत दलित जग्गाबिहीन छन्। र, यही कारण उनीहरु समाजका हरेक क्षेत्रमा पछाडि पर्न बाध्य छन्।

### भूमिसुधारको विफलता

नेपालको अव्यवस्थित जमिन संगाल्ने नाउँमा धेरै पटक भूमिसुधार कार्यक्रम घोषणा गरिएका छन्। समानतामूलक समाज निर्माण गर्ने तथा गरिबी निवारण गर्ने उद्देश्य राखिएका प्रायः सबै यस्ता कार्यक्रम विफल देखिएका छन्। पछिल्लो जनगणनाअनुसार करिब २५ प्रतिशत नेपालीसँग खेती गर्ने जमिन छैन। यसले पनि भूमिसुधारको विफलतालाई आंकलन गर्न सहज प्रमाण उपलब्ध गराउँछ। गरिबी बढ्दै जानु, सुकुम्बासीको संख्या दिन/परदिन बढ्नु, उत्पादकत्वमा खासै उल्लेख्य वृद्धि हुन नसक्नु, उत्पादकत्वमा कमी लगायतका कारणबाट यो क्षेत्रबाट क्रमश: कृषक अन्यत्र रुपान्तरण हुनु जस्ता तथ्य तथ्याङ्कले पनि भूमिसुधारको विफलता झल्काउँछ। प्रत्येक भूमिसुधार कार्यक्रम राजनीतिक नेता र जमिनदारको दबावमा तुहिएका पाइन्छन्।

#### समस्याले निम्त्याएका केही परिणाम

- सिन्धुपाल्चोक, बाँसखर्क गा.वि.स.४ की बेलिमाया लोहारले साङ्गो दोङ भन्ने जग्गाधनीको ५ पाथी धानको बीउ जाने खेत २० वर्षदेखि कमाउदै आएकी थिइन। वर्षेनी ७ मुरी कुत बुँझाएर बाँकी रहेको १० मुरीले ५ जनाको उनको परिवार जेनतेन धानिदै आएको थियो। दोङले म तिमीहरुलाई जग्गा दिन्छु ७ हजार लेउ भनेर लोहार परिवारसँग माग्यो। उनीहरुले जग्गा पाइने आशामा ऋण गरेर माग गरिएको रकम साहूलाई बुझाए। अहिले आएर साहूले लोहार परिवारलाई नदिई जग्गा अर्कैलाई बेचिदियो, पैसा पनि खाइदियो। नयाँ साहूले लोहारलाई जग्गा छाड्न भनिरहेको छ। सालिन्दा कुत बुझाए पनि साहूले कहिल्यै उनलाई भर्पाइ नदिएकाले प्रमाणको अभावमा न उनी कतै उजुर गर्न जान सक्ने अवस्थामा छिन, न गुमेको पैसा उठ्ने आधार नै उनीसँग छ।
- महोत्तरीको बर्दिबास गाविस-१ मा २००९ सालदेखि मुसहरको एक समूह बस्दै आएको छ। त्यतिबेला ६ विघा फाँडेर बसेका

उनीहरुलाई बलिया छिमेकीले पेल्दै पेल्दै अहिले २ विघा ४ कट्ठा, साढे १७ धुरमा खुम्च्याइदिएका छन् । त्यही जग्गा पनि २०५७ सालमा आएर स्थानीय जमिन्दारले आफ्नो नाममा दर्ता गरिदिए ।

- जनकपुरस्थित राम जानकी गुठीको सयौं रोपनी जग्गा स्थानीय कृषकले जोतिरहेका छन् । तर ती जग्गाको अधिकांस मोही भने त्यहाँका सांसद, जिविस सभापति, मेयर आदिका आफन्त छन् । वास्तविक जोताहा देवताको जग्गा खानुहुन्न पाप लाग्छ भनेर आफ्नो गराउन चाहिरहेका छैनन् भने स्थानीय समाजसेवीका रुपमा चिनिएकाले मन्दिरका महन्तसँग मिलेर ती जग्गाको मोहीमा आफू र आफन्तको नाम दर्ता गराएका छन् ।
- सिन्धुपाल्चोकको हेलम्बू गाविस-१ का मंगाइ तामाङले ३५ वर्षदेखि सेतीघ्याङ गुठीको जग्गा कमाइरहेका छन् । उनले रेन्जेन लामा भन्ने व्यक्तिलाई वर्षेनी २० पाथी कुत बुझाइरहेका छन् । तर वास्तविक पुजारी रेन्जेनको दाजु छ्वाङसोनाम हो, जसलाई रेन्जेनले ६ पाथी मात्र कुत दिएर बाँकी आफैं खान्छन । उनलाई कुत तिरेवापतको भर्पाइ कहिल्यै दिइएन् । नापीका समयमा खाली रहेको अड्डाको स्रेस्तामा पछि कर्मचारीलाई प्रभावित पारेर मोहीमा रेन्जेनको नाम लेखाइएको छ । यसअधिका कार्यालयको रेकर्ड खोजी गर्दा सम्बन्धित कार्यालय हामीलाई सबै रेकर्ड देखाउनैपर्छ भन्ने बाध्यता छैन भन्छ । उनको पारिवारिक गुजारा चलिरहेको यो १२ रोपनी जग्गा वा उनको यो सर्वश्व मा कुनै हैसियत नभएपछि उनी अब सुकुम्बासीमा परिणत भएका छन् । गाविसले फिल्ड सर्जमिन गरेर मंगाइले कमाएको शिफारिस गरिदिए पनि मंगाइलाई यसले सुकुम्बासी हुनबाट छेक्न सकेन ।

## ३.३. भूमि अधिकारका लागि नागरिक अभियान

नेपालको गरिवी निवारणको लागि भूमिअधिकारको सवाल एउटा महत्वपुर्ण र नउठाई नहुने कदम हो । जुन यथार्थतालाई सरकार, विभिन्न राजनीतिक पार्टी, जनता र नागरिक संगठनले स्वीकारेका छन् । तर उचित कार्यसंयन्त्रको अभावमा हाम्रो मुलुकको प्रमुख श्रोत र जीविकोपार्जनको माध्यम भूमिको समुचित प्रयोग र उचित स्वामित्व हस्तान्तरण भने हुन सकिरहेको छैन ।

व्यापक आर्थिक तथा सामाजिक सुधारको नाममा समय-समयमा घोषणा गरिएका कार्यक्रमहरु कार्यान्वयन भएको पाईदैंन । यसको सिधा मार सिमान्त वर्गका दलित, भूमिहीन, जोताहा



किसान परिवारलाई परेको छ । यस अघिका अनुभवबाट समुदायको जागरण र संगठन विना भूमिसुधार हुने अवस्था देखिएको छैन । उपलब्ध राम्रा ऐन कानुनको कार्यान्वयन, अव्यवहारिक नीतिको परिमार्जन तथा निर्माण, जनस्तरमा भूमिसुधारका विषयमा व्यापक संचेतना आदिको लागि सहकार्य र समन्वय गर्न नागरिक अभियानको खाँचो टढ्कारो देखिएको छ ।

भूमि अधिकारबाट बञ्चित समुदाय र अन्य नागरिक संगठन मिलेर भूमि अधिकारका लागि नेपालमा केहि समययता भूमि अधिकार अभियानको थालनी भएको छ । जसको शुरुवात सिन्धुपाल्चोकबाट पीडित किसानलाई संगठित गर्दै शुरु गरिएको थियो । भूमि अधिकारको लागि अधिकारबाट बञ्चित कृषकहरुलाई संगठित गर्दै एकीकृत आवाजका माध्यमबाट नीति निर्माण र त्यसको कार्यान्वयनका लागि विभिन्न ठाउँ, तह र तप्काबाट यस प्रकारको अभियान संचालन गर्न आवश्यक भएको महशुस गरिएको छ ।

## ३.४. भूमि अधिकार र वकालत

वकालत सामान्यतया अदालतमा प्रयोग गरिने शब्द हो । अंग्रेजी शब्द Advocacy लाई बोलिचालीको भाषामा सरल र बुझ्न सजिलोका लागि ‘वकालत’ भन्ने गरिएको पाईन्छ । अंग्रेजी नेपाली शव्दकोषमा Advocacy को अर्थ ‘give voice’ र व्याख्यामा to speak something about present situation for positive change भनिएको छ ।

कुनै पक्षको तर्फवाट सो पक्षको हित रक्षाको लागि आवाज उठाउने कामलाई वकालत भनिन्छ । यसमा कुनै सवालको पक्ष वा विपक्षमा भए सम्मका तर्कहरु उठाएर आफ्ना चासोका कुराहरु राख्ने, नागरिक समाजले उठाएका सवालहरुमा उनीहरुको तर्फवाट लवी गर्ने, प्रचार-प्रसार गर्ने, सञ्चार माध्यमहरुबाट सूचनाहरुको संप्रेषण गर्ने, अनुनय-विनय गर्ने आदि कार्यहरु समेत पर्दछन । वकालत समाजिक राजनैतिक र आर्थिक परिपाटी र जनताको जीवनलाई प्रभावित पार्ने, सार्वजनिक नीति र श्रोतको बाँडफाँडको परिणामलाई प्रभावित पार्ने प्रयास हो । यो शक्ति चिन्ने र शक्ति बाँड्ने प्रक्रियासँग सम्वन्धित छ ।

वकालत मुख्यतः सरकारका नीति कार्यक्रम तथा स्थितीको परिवर्तनका लागि लक्षित हुन्छ । यो सार्वजनिक हितका लागि हुनुपर्दछ र यसको प्रकृया व्यवस्थित हुन आवश्यक छ । भूमिअधिकारबाट बञ्चित भूमिहीन जोताहा किसानको भूमिमा स्वामित्वका लागि गरिने वकालतलाई भूमि अधिकारको लागि वकालत भन्न सकिन्छ ।

**वकालतका प्रक्रियाहरु**

- सूचनाको आदाप्रदान र छलफल गर्ने ।
- संगठन विस्तार गर्ने ।
- सहकार्य गर्ने ।
- विभिन्न निकायमा आवाज पुर्‍याउने ।
- सञ्चार माध्यमद्धारा सूचना सम्प्रेषण गर्ने ।
- लबी गर्ने ।

- विशेषज्ञ समुहको गठन गरी सो समुह मार्फत वकालत गर्ने ।
- समान उद्धेश्य भएका संस्थाहरु विच सम्बन्ध स्थापित गर्ने ।
- सभा, सम्मेलन, अर्न्तक्रिया, प्रर्दशन आदि गर्ने ।

> - ***भूमि अधिकारका लागि वकालत बुद्धिजिवीहरू विचको अनुभव आदान प्रदान, सिमित अवधीका लागि कार्यक्रम संचालन र अनुसन्धान मात्र होइन् । यो एउटा पीडित मोही किसान, सुकुम्बासी र गरिव समुदायहरूको भूमि अधिकारका लागि चलिरहेको सामुदायिक आन्दोलन हो । यो आन्दोलन पीडित पक्षहरूले आफ्नो अधिकारका लागि संगठित भई शुरुवात गरेका हुन् ।***

स्थानीय नागरिकहरुको असक्षमता, न्यून सहभागिता तथा आफ्नो क्षेत्रको गतिविधीमा चासो नराख्ने सनातन प्रवृत्तिको फाइदा उठाएर अधिकारमा बस्नेहरुले आफ्नो इच्छा अनुसार विकास निर्माण, ऐन, कानून र व्यवस्था लागू गरिरहेका हुन्छन् । यसरी कुनै निकायबाट जबरजस्ती थोपरिने विकास निर्माणका गतिविधीबाट अपेक्षित लाभ लिन सकिएको छैन । त्यसैले पदमा बस्नेहरु र स्थानीय नागरिकहरुको बिचको शुन्यता र असहयोगको वातावरणमा सुधार ल्याउनका लागि पनि वकालतको आवश्यकता बढ्दै गएको छ ।[)(]

### ३.३.१. भूमि अधिकारको वकालत एउटा सामुदायिक आन्दोलन

भूमि अधिकारका लागि वकालत बुद्धिजिवीहरु विचको अनुभव आदान प्रदान, सीमित अवधिका लागि कार्यक्रम संचालन र अनुसन्धान मात्र होइन । यो एउटा पीडित मोही किसान, सुकुम्बासी र गरिव समुदायहरुको भूमि अधिकारका लागि चलिरहेको सामुदायिक आन्दोलन हो । यो आन्दोलन पीडित पक्षहरुले आफ्नो अधिकारका लागि संगठित भई शुरुवात गरेका हुन् । जसले सामुदायिक आत्मनिर्भर केन्द्रका सदस्यहरुलाई सक्रिय अभियानकर्ताको रुपमा विकास गरेको छ ।

भूमि अधिकारका लागि गरिने वकालत सामाजिक आन्दोलनसँग जोडिएको वकालत हो । यसमा पीडित पक्षहरु नै परिचालित भई आन्दोलन अगाडि बढाईरहेका छन् । यो वकालत भूमिहीन जोताहा किसानको पक्षमा कानूनको निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनसँग सम्वन्धित छ । यो स्थानीय समुदायको सहभागितामा स्थानीय तहबाट शुरु गरिएको सामाजिक आन्दोलन हो ।

सामुदायिक आन्दोलनसँग नजोडि गरिएको वकालतले कम सफलता पाउँछ । र, यस्तो सफलता दिगो हुदैंन । वकालतलाई हिजोआज फेसनको रुपमा समेत प्रयोग गरिन थालिएको छ । बचत समूह संचालन गर्ने एउटा संस्थाले पनि हामीले गरिवका लागि वकालत गरिरहेका छौं भन्छ, जहाँ धनी परिवारको सदस्यले नै बढी फाईदा लिईरहेको

)( प्राकृतिक श्रोत व्यवस्थापनको लागि वकालत, प्रो पब्लिक, २०५९



पाईन्छ । एउटा साक्षरता कक्षा सचालन गर्ने पारिवारिक गैर सरकारी सस्थाले पनि हामीले वकालत गरिरहेका छौ भन्छ, जहाँ गरिवले साक्षरताको स अक्षर नपढी साक्षरता कक्षा छोड्न बाध्य हुन्छन् ।

### आधारभूत तत्व

भूमि अधिकारका लागि संचालन भैराखेको वकालतमा मुख्यगरी ३ वटा कुराहरु महत्वपूर्ण छन् । यद्यपी अन्य अधिकारका अभियानमा पनि यसको आ-आफ्नै महत्व रहेको हुन्छ ।

क. **पीडित पक्ष** : पीडित पक्षको सहभागिता विना वकालत कार्य वा सामाजिक आन्दोलन अगाडि बढ्न सक्दैन । पीडित पक्ष आफुले भोगेको अन्याय र खोजेको अधिकारबारे प्रष्ट भएपछि मात्र वकालत कार्य प्रभावकारी ढंगले अगाडि बढ्न सक्छ । जसबाट खोजेको परिवर्तन प्राप्त हुने संभावना ज्यादा रहन्छ । वकालत कार्यमा पीडित पक्षलाई सचेत पार्नु, संगठित गराउनु र अन्यायको विरुद्दमा उतार्नु आधारभूत कार्य हो । भूमि अधिकारको लागि पीडित पक्षमा भूमिहीन, जोताहा किसान, हलिया, कमैया र भूमिहीन दलित पर्दछन् ।

ख. **अभियानकर्ता** : वकालतीय कार्यको अर्को महत्वपूर्ण पक्ष अभियानमा लाग्ने अभियानकर्ता हो । परिवर्तनका लागि संचालन गरिने अभियानमा पीडितसँगै जुट्ने, उनीहरुलाई सचेत र संगठित वनाउने, वास्तविक रुपमा पीडितको समस्यालाई महशुस गरेको व्यक्ति मात्र अभियानकर्ता हुन सक्तछ । प्रत्यक्ष पीडित बाहेकको अभियानकर्ताको जोड जहिले पनि पीडितहरुबाटै अभियानकर्ता तयार गर्ने हुनुपर्दछ । पीडित मध्येकै अभियानकर्ता जति धेरै तयार गर्न सकिन्छ त्यतिनै अधिकारका लागि संचालन गरिने अभियानमा सहयोग पुग्दछ । अभियान वा आन्दोलनमा प्रत्यक्ष सहभागी नभई त्यसको पक्षमा वोल्नेहरु अभियानकर्ता नभएर वकालतकर्ताहरु मात्रै हुन् ।

ग. **कार्यतन्त्र** : अभियानमा जुटेका तथा यसमा सरोकार राख्नेहरुको बलियो कार्यतन्त्र भएन भने पनि राज्यलाई नीति निर्माण र परिवर्तनका लागि खासै प्रभाव पार्न सकिदैंन । वकालतमा लागेका संस्थाहरु विच हुने समन्वय, सञ्जाल र सामुहिक कार्यले चाहेको परिवर्तन सहज र सम्भव बनाउँछ ।

### वकालत एउटा पक्षपाती कार्य

वकालत जहिले पनि पक्षपाती हुन्छ यो कहिल्यै पनि निश्पक्ष हुन सक्दैन । भूमि अधिकारका लागि गरिएको वकालत भूमिहीन र जोताहा किसानको पक्षमा गरिएको छ भने जमिन्दारहरुको विपक्षमा हुन्छ । यदि कसैले वकालत निश्पक्ष हुनुपर्छ भन्छ भने त्यो वकालत होइन । चुनौतीहरु आए भनेर वकालतलाई निश्पक्ष बनाउने कोसिस गर्नु हुँदैन । हामी निश्पक्ष हुन खोज्यौं भने फेरी पनि हाम्रो वकालतले सम्पन्न र श्रोत नियन्त्रणकर्ताहरुलाई सघाईरहेको हुन्छ ।

### अल्पकालीन तथा दीर्घकालीन लक्ष्य

भूमि अधिकार होस् वा अन्य जुनसुकै अधिकारका लागि गरिने वकालतमा जहिले पनि अल्पकालीन र दीर्घकालीन लक्ष्य निर्धारण हुन जरुरी छ । किनकि अभियानबाट दीर्घकालीन उद्देश्य मात्र हासिल नभई अभियानसँगसँगै अल्पकालीन उपलब्धी पनि प्राप्त भईरहेको हुन्छ । दीर्घकालीन लक्ष्यलाई मात्र लिएर एकोहोरो अगाडि बढ्दा चाहेको सफलता नमिल्न सक्छ । तर अल्पकालीन उपलब्धीलाई पनि ग्रहण गर्दै जान सकियो भने यसले पीडित र अभियानमा लाग्नेहरुलाई उत्साहित बनाउन मद्दत मिल्दछ र दीर्घकालीन लक्ष्यमा पुग्न सजिलो हुन्छ । साथै हामीले गर्ने वकालतले यसो भएन, उसो भएन भनेर मात्र हुदैंन । हुनुपर्ने के हो ? त्यसको स्पष्ट विकल्प दिन सक्नुपर्छ । विकल्प विनाको वकालत बीचमा नै समाप्त हुन सक्छ ।

### ज्ञानको उत्पादन र आदान प्रदान

सामाजिक आन्दोलनले ज्ञान उत्पादन गरिरहेको हुन्छ । त्यस ज्ञानलाई बढि भन्दा बढि आदान प्रदान गर्न सक्नुपर्छ । यदि त्यो ज्ञानलाई एउटा व्यक्ति वा क्षेत्रमा मात्र सीमित राख्ने हो भने त्यसले अभियानकर्ता तयार गर्न नसक्ने मात्र होईन समुदायको संगठनलाई पनि बलियो बनाउँदैन । ज्ञानको आदान प्रदान प्रक्रियामा सरलता आई छोटो समयमा नै उद्देश्य हासिल गर्न समेत मद्दत पुऱ्याउँदछ । अर्को कुरा वकालतबाट उत्पादन भएको ज्ञानको उपलब्धी र जस सबैमा बाँडिनुपर्छ । यसले स्वामित्व र जिम्मेवारी पनि बाँडिन सहयोग पुग्छ ।

### विधि प्रकृया पहिले नै तयार भएका हुदैनन्

वकालतमा विधि प्रकृया पहिले नै निर्दिष्ट हुने होइन । यो अभियानकर्ता आफैले मात्र पनि तयार गर्दैनन् । यो सामाजिक आन्दोलनले तयार गर्दै जाने कुरा हो । जुनसुकै सवालमा वकालतका चरणहरु हुन्छन । ती चरणमा हुने सामाजिक आन्दोलनले यसको विधि र प्रकृयाहरु निर्धारण गर्दछ ।

### सहयोगी र असहयोगीको पहिचान :

भूमि अधिकार अभियान श्री ५ को सरकारमा लक्षित छ । यो अभियानको लाभान्वित समूहमा भूमिहीन र जोताहा किसान पर्दछन् । त्यसैगरी अन्य अभियानमा जस्तै यस अभियानको पनि विरोधी र सहयोगी पक्ष रहेका छन् । यसका विरोधीमा जमिन्दार र केही राजनैतिक पार्टीहरू देखिएका छन् भने गैर सरकारी संस्था, पत्रकार, केही सामाजिक तथा राजनैतिक कार्यकर्ताहरु सहयोगीको रुपमा रहेका छन् । अभियानमा सहयोगी र असहयोगी पक्षको पहिचान गर्न र तदनुरुपको रणनीति वनाउनु जरुरी हुन्छ ।

### संभावित रणनीति र क्रियाकलापको पहिचान

भूमि अधिकारका लागि संभावित रणनीति, क्रियाकलाप र विकल्पहरुको पहिचान हुनु पर्दछ ।



भूमि अधिकारका लागि गरिएको वकालतमा ५ वटा रणनीतिहरु शिक्षा, कार्यतन्त्र तथा समन्वय, समझदारी, अदालतको प्रयोग र शान्तिपूर्ण विरोध आदि रहेका छन् ।

### खतरा मोल्न सक्ने

अभियानमा लाग्ने व्यक्ति वा संस्थाले खतरा मोल्न सक्नुपर्छ । अधिकारका लागि अभियान गर्दा जहिले पनि सहज र शान्तिपूर्ण वातावरण हुन्छ भन्ने छैन । यो पक्षपाती काम भएकोले पनि विभिन्न चुनौतीहरु आईलाग्छन् । यस्ता चुनौतीको सामना गर्न सधैं तयार हुनु पर्दछ ।

### अभियानकर्ताको प्रतिबद्धता

यो जागिरे मानसिकताबाट रतीभर पनि हुने कार्य होईन । यसका लागि व्यक्ति र संस्थाको पूर्ण प्रतिवद्धता र त्याग जरुरी हुन्छ । अभियानमा होमिई सकेपछि सानातिना समस्यामा आफूलाई अभियानबाट अलग्याउने वा औपचारिकतामा बाँधिने हुनु हुदैंन ।

### सम्पर्क समन्वय र कार्यतन्त्रको विकास

अभियानमुखी कार्यक्रमहरु एक्लै गर्न असंभव नै छ । हुन त यो अभियानको प्रकृति र क्षेत्रमा भर पर्ने कुरो हो । भूमि अधिकारको लागि एक दरिलो संगठन र भरपर्दो कार्यतन्त्रको आवश्यकता पर्दछ । जति कार्यतन्त्र बलियो हुदैं जान्छ, त्यतिनै सवाल सार्वजनिक हुने र चालिने अभियान प्रभावकारी हुन पुग्दछ ।

### वकालत कार्यको अनुगमन र मुल्यांकन

वकालत कार्यको अनुगमन तथा मुल्याङ्कनको लागि खास विधि र प्रक्रियाहरुको अभाव रहेको पाईन्छ । यसो हुँदा वकालत कार्यको अनुगमन र मुल्याङ्कन गर्न असंभव हुने धारणाहरु पनि आएका छन् । तर अनुभवले वकालतीय कार्यको अनुगमन र मुल्याङ्कन गर्न नसकिने भन्ने हुदैंन । पीडित पक्षको सवालमा कसरी सचेतता भयो, पीडित पक्ष कसरी संगठित भए, उनीहरुको उद्धेश्य वकालतले पुरा गर्न सक्यो कि सकेन र उनीहरुको जीवनमा अल्पकालीन रुपमा के फाइदा पुगिरहेछ र दीर्घकालीन रुपमा के फाइदा पुरयाउँछ ? भनेर हेर्न सकिन्छ । यसैगरी चलाएको सामाजिक आन्दोलनमा अभियानकर्ता कसरी तयार भए ? सामाजिक आन्दोलनबाट भएका प्रमुख सिकाई, चुनौती र कार्यतन्त्रको विकासको प्रकृया पनि अनुगमन र मुल्याङ्कनबाट नै हेर्न सकिन्छ ।

- ***भूमि अधिकार अभियान श्री ५ को सरकारमा लक्षित छ । यो अभियानको लाभान्वित समूहमा भूमिहीन र जोताहा किसान पर्दछन् । त्यसैगरी अन्य अभियानमा जस्तै यस अभियानको पनि विरोधी र सहयोगी पक्ष रहेका छन् । यसका विरोधीमा जमिन्दार र केही राजनैतिक पार्टीहरू देखिएका छन् भने गैर सरकारी संस्था, पत्रकार, केही सामाजिक तथा राजनैतिक कार्यकर्ताहरू सहयोगीको रूपमा रहेका छन् ।***

अभियानलाई गहिराउँदै, तिखार्दै तथा परिणाममुखी बनाउँदै लैजानका निम्ति अनुगमन तथा मूल्याङ्कनको ठूलो महत्व हुन्छ । अनुगमन तथा मूल्याङ्कनले के/कस्ता गतिविधी संचालन गरिए भन्ने प्रतिवेदनभन्दा पनि अभियानको असर र प्रभाव के/कस्तो पर्दै गएको छ भन्ने विषयलाई बढि जोड दिनु पर्दछ । विधि र प्रक्रियाको हकमा सहभागिमूलक अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई सबै तहमा स्थापित गरिनु आवश्यक छ । जसमा बञ्चित समूहको संजाल एवं सरोकार समूह दुवै मिलेर प्रगतिका सूचकहरु तय गर्ने र प्रगतिमापन गर्ने काम हुन्छ । यद्यपी यस्ता कार्यको विधि (Tools) को भने अभाव देखिन्छ ।

## केही सिकाईहरू

**भूमि अधिकार अभियानबाट हासिल भएका केही सिकाईहरु यस प्रकार रहेका छन् ।**

- भूमि अधिकारका लागि भएको वकालत प्रत्यक्षरुपमा सामाजिक आन्दोलन भएकोले पीडित समुदायको संगठन र विभिन्न सरोकारवालाबीचको बलियो कार्यतन्त्रबाट मात्रै सफलता पाईने देखिन्छ । पीडितहरुको प्रतिनिधित्व अरुबाट हुन सक्दैन ।
- सवाललाइ बाहिर ल्याउन र सम्वन्धित पक्षको ध्यानाकर्षणका लागि सञ्चार माध्यमको भूमिका महत्वपूर्ण हुने देखियो ।
- कानून वा नीति परिवर्तन विनाको वकालतले समुदायमा दीर्घकालीन फाइदा कम पुऱ्याउने लाग्यो । नीति परिवर्तनको लागि स्थानीय तहमा भएका वकालतबाट भएका सामाजिक आन्दोलनलाई राष्ट्रिय रुपमा जोड्न आवश्यक छ ।
- वकालत कसरी गर्ने साथ दिने कि नदिने, भित्रैदेखि लागेर सहयोग गर्ने कि जागिरे हिसावमा मात्र काम गर्ने भन्ने विषय व्यक्तिको प्रबृत्ति र व्यवहार वा उसको आफ्नो ऐतिहासिक पृष्ठभूमीले पनि निर्धारण गर्ने रहेछ ।
- नागरिक अभियानमा सरकारका कर्मचारी पनि सहयोगी हुन सक्ने पाईयो । तर उनीहरुलाई अभियानको प्रक्रिया भित्र भने ल्याउन आवश्यक हुँदोरहेछ ।
- आन्दोलनको सफलता र आन्दोलनले समय लिने वा नलिने भन्ने विषय प्रक्रिया के र कस्तो अपनाईयो भन्ने कुरामा भर पर्ने रहेछ । सही प्रक्रिया अपनाउन सकियो भने ६ महिनामा गरेको काम ३ महिनामा वा त्यो भन्दा कममा नै पनि गर्न सकिन्छ ।
- पीडितले आफ्नो अधिकार गुमेको महसुस नगरेसम्म जनवकालत कार्य प्रभावकारी हुदैन । साथै स्थानीय तहबाट नै अभियानको नेतृत्व हुँदा मात्र अभियानले गति लिन सक्दो रहेछ ।
- संचालित अभियानमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय नीतिले के-कस्तो प्रभाव परिरहेको छ, त्यसलाई पनि विश्लेषण गरेर हेर्न सक्नुपर्छ । बाँधा पुगेको छ भने कम गर्नेतिर लाग्नुपर्छ ।
- वकालत गर्दा धेरै सवाललाई लिएर गयौं भने हामी हराउँछौं । क्षमता विकासको हिसावले पनि अगाडि जान कठिनाई हुन्छ । यसो भनेर समुदायमा रहेका पीडितहरुको संगठन र अभियानकर्ताले भने एउटै मात्र सवाल समात्नु पर्छ भन्ने होईन । किनकि हरेक सवालका भिन्न भिन्न संगठन वा अभियानकर्ता आवस्यक हुन्छ नै भन्ने छैन ।
- नीति तथा कानूनसँग सम्बन्धित समुदायमा गरिएको वकालत नीतिगत तहमा जोड्न सकिएन भने त्यो आन्दोलन धर्मराउँदो रहेछ । जसबाट खोजेको परिवर्तन सम्भव छैन । स्थानीय सवालको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा एकवद्दता हुन आवस्यक छ ।
- वकालत आर्दश र परम्परामा सीमित हुनुहुदैन । यसले विकल्प दिन सक्नु पर्छ ।
- अधिकार र उत्पादनको कुरालाई सँगसँगै लैजानु पर्छ ।

❀❀



# परिच्छेद - ४

# सिन्धुपाल्चोकको मोहियानी अभियान

## ४.१. सवालको उठान

सन् १९९३ मा एक्सनएड नेपालले सिन्धुपाल्चोक जिल्लाको दुई गाविसहरु किउल र हेलम्बुमा विस्तारित क्षेत्रको रुपमा काम गर्न आधारभूत अध्ययन गऱ्यो । अध्ययनमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रलाई पनि सहभागी गराईएको थियो । सन् १९९४ बाट किउल र हेलम्बुमा एक्सनएड नेपालसँगको साझेदारीमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले विविध सामुदायिक विकास क्रियाकलापको सुरुवात गऱ्यो । समुदायमा काम गर्दै जाँदा प्राय सबै लक्षित गरिव र दलित समुदायले मोहियानी हक प्राप्त गर्न नसकेको समस्याको लागि सहयोग गर्न घच्घच्याए । समुदायवाट मोहियानी हक नपाएको विषय उठेपछि यसको वास्तविकता अध्ययनको लागि सोही वर्ष मोही किसान, सहकारी संस्थाका सदस्य र वडा प्रतिनिधीहरुको सहभागितामा मोही जीविकाको अध्ययन गरियो ।

अध्ययनबाट किउल गाविसमा ७ सय २८ मध्ये ३ सय १२ र हेलम्बु गाविसमा ७ सय ७१ मध्ये ३ सय ५९ घरपरिवारले साहूको जग्गा जोती जीवन गुजारा गरेको पाइयो । यसरी अरुको जग्गा कमाउने ९५ प्रतिशत भन्दा बढि किसानले कुत बुझाए वापत भर्पाइ र जग्गा माथिको कुनै पनि स्वामित्व रहने कागजात प्राप्त गरेको पाइएन । जग्गावालले अह्राएको काम नगरेमा कमाईरहेको जग्गा खोसिदिने र मोही किसान सुकुम्बासी हुनु परेको घटना पनि भेटिए ।

उनीहरुसँगको छलफल र समस्याको महसुस गर्ने क्रममा अहिले मोहीको रुपमा कमाएको जग्गा धेरैको पहिले आफ्नै वा आफ्नो बावु वाजेको भएको पाईयो । जुन जग्गाहरु बाबुको घेवा वा काजकिरिया गर्दा छोराको छेवार वा व्रतबन्ध, विहे गर्दा, दशै तिहार चाड पर्व मान्नको लागि साहुसँग ऋण लिदै उनीहरुको नाममा जग्गा वन्धकी दिदै गर्दा र पछि ऋण तिर्न नसक्दा त्यही जग्गा साहुलाई छोडि दिने प्रकृयाले, सरकारी तिरो तिर्न नसक्नेको तिरो साहुले नै तिरी दिई हालको जग्गावालले आफ्नै नाममा नापी गराएको, गाँउका त्यतिखेरका मुखिया, ठुलाठालुले डर धाक देखाई जग्गा हात पारेको जस्ता कारणहरु थाहा हुन आयो ।

सामुदायिक आत्मनिर्भर केन्द्रले यसलाई किसानहरुमा भएको गरिवीको एक कारक तत्वको रुपमा लियो । समस्याको समाधान किसानको सचेतता, संगठन र जागरणविना हुन नसक्ने भएकोले संस्थाले यस विषयमा विशेष ध्यान दियो । यस सवालमा काम अगाडि बढाउन स्थानीय जयवागेश्वरी बचत तथा ऋण सहकारी संस्थासँग बैठक आयोजना गरी समस्याको बारेमा थप छलफल गरी कानुनी शिविर संचालन गर्ने निर्णय भयो । यसको लागि जयवागेश्वरी बचत तथा ऋण सहकारी संस्थाले हल तयार गर्ने, तीन सय जनाको लागि खाना र बस्नको व्यवस्था गर्ने र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले श्रोतव्यक्ति जुटाउने काम गऱ्यो । श्रोत व्यक्तिको रुपमा उच्चस्तरीय भूमिसुधार आयोगका सदस्य धर्मदत्त देवकोटा, भूमिसुधार तथा व्यवस्था विभागका अधिकृत रेवती प्रसाद ढकाल र जिल्लाका अधिवक्ता पुन्य खनालले सहयोग गर्नुभयो ।

- ***समुदायमा काम गर्दै जाँदा प्राय सबै लक्षित गरिव र दलित समुदायले मोहियानी हक प्राप्त गर्न नसकेको समस्याको लागि सहयोग गर्न घच्घच्याए ।***

कानुनी प्रशिक्षणमा ४५ जना मोही किसान सहभागी थिए । भूमि सम्वन्धी ऐन २०२१ को बारेमा कानुनी जानकारी पाएपछि पीडित किसानले २१ सदस्यीय मोही जागरण समिति गठन गरे । कार्यक्रमको अन्तिम दिन सो क्षेत्रका ३ सय जति किसानहरु भेला भएका थिए ।

## ४.२. आन्दोलनको सुरुवात

कानुनी प्रशिक्षणबाट मोही किसानहरुले मोहियानी हक अधिकार प्राप्त गर्ने प्रकृया थाहा पाए । तर हक पाउन आवश्यक प्रमाण उनीहरुमध्ये पाँच प्रतिशत जतिसँग पनि थिएन । वर्षौ पिच्छे उनीहरुले कुत बुझाएको भए पनि बाली बुझाएको भर्पाई भने लिएका थिएनन् । 'हामीले खडेरी परेको वर्ष पनि तोकिएको कुत जहान परिवारको छाक काटेर र अरुकहाँबाट ल्याएर पनि बुझाएका छौं तर हामीले भर्पाई पाएका छैनौं । भर्पाई माग्दा कमाएको जग्गा नै खोसिदिन्छु भन्छन्' - (सितार लामा, हेलम्बु ।) आवश्यक कागज नभएकोले मोहियानी हक प्राप्त गर्ने प्रकृयामा बाधा आयो ।

समितिका सदस्यहरुको सक्रियतामा किसानहरु कुत बुझाएका वर्षहरुका भर्पाई लिन जग्गावालकहाँ जान थाले तर भर्पाई दिनुको साटो जग्गा नकमाउन धम्की आउन थाल्यो । जग्गावाललाई जिल्ला भूमिसुधार कार्यालयमा गएर सोझै मोहियानी जनाउन अनुरोध (अपिल अभियान) पनि गरियो तर त्यो निरर्थक रह्यो ।

## ४.३. भर्पाई अभियान

यो प्रयासको बिफलतासंगै केही समय अभियान संचेतनामा मात्र सीमित भयो । मोही किसानलाई भपाईको विषयमा सचेतीकरण गरियो । भर्पाई नभई मोहियानी हक लिन संभव थिएन । मोही जागरण समिति र आत्मनिर्भर सेवा केन्द्र मार्फत एउटै किसिमका कानुनी मान्यता प्राप्त भर्पाईहरु वितरण गरियो र भर्पाई गराएर मात्र कुत दिने निर्णय किसानहरुले गरे । यसको लागि समितिका सदस्यहरु गाउँगाउँमा खटिए । भर्पाई नलिई कुत नबुझाउन गाउँगाउँमा भेला भयो । पुनः मंसिर आएपछि जग्गावालहरु खला-खलामा कुत लिन आउन थाले । तर किसानहरुले कुत भर्न भर्पाई दिनुपर्ने कुरा राखे । सुरुका वर्षहरुमा सात, आठ सय परिवारले मात्र भर्पाई लिन सफल भए । त्यत्तिकै संख्याका परिवारले भने भर्पाई नलिईकनै कुत भरे । यससँगै अन्य प्रमाणहरु जग्गावाल र मोहीबीच कवुलियतनामा तयार गर्ने र जिल्ला भूमिसुधार कार्यालयमा कोही कसैको केही प्रमाण भएको भए खोज्ने काम समेत गरियो ।

भपाई लिने कार्य सन् १९९७ सम्ममा सत प्रतिशत जस्तै भयो । त्यो समयसम्म ७ गाविसका एक हजार सात सय परिवारले भर्पाई लिएको विवरण समितिसँग रहेको छ । उक्त भर्पाई वापत मोहीले रु.५।- समितिमा बुझाउनु पर्थ्यो । कुत लिन नआउने र भर्पाई दिन नमान्ने, जग्गावालहरुको कुत गाउँ विकास समितिमा दाखिला गर्ने र गाउँ विकास समितिले लिन नचाहेमा जिल्ला भूमिसुधार कार्यालयमा बुझाउने कार्य भयो । जुन अभियानको प्रारम्भिक कार्य थियो । भर्पाई नलिई कुत नवुझाउने अभियानले सो क्षेत्रमा ठुलो हलचल ल्यायो । आफ्नो न्यायका लागि भूमिहीन, गरिव र दलितहरुले आफ्नै जग्गावाल विरुद्द गरेको महत्वपूर्ण संघर्षको रुपमा भर्पाई अभियानलाई लिईएको छ ।



## ४.४. अधिकार प्राप्तिको थालनी

भपाई लिएपछि मोहियानी हकका लागि निवेदन दिने विषयमा छलफल हुन थाल्यो । भर्पाई बाहेकका अन्य प्रमाणहरु कुत कवुलियत, जोताहा अस्थायी निस्सा आदि कोही कसैसँग भए त्यसको संकलन गरियो । ती प्रमाण जुटाएपछि हक पाउन जुन कित्तामा निवेदन दिनु पर्ने हो, त्यसको लागि वडा मुचुल्का र गाउँ विकास समितिको सिफारिश लिनु पर्दथ्यो । वडा मुचुल्का त मोहीहरुले सजिलै बनाए तर गाविस सिफारिश लिन सकिएन । गाविस अध्यक्ष आफु पनि जग्गावाल भएकोले सिफारिश दिन अटेर गरेका थिए । जिल्ला परिषदको समय पारेर ४२ जना किसानले अध्यक्षलाई घेरेपछि जिल्लाको सदरमुकाम चौतारामा सिफारिश लिन किसानहरु सफल भए । प्रारम्भिक प्रमाण जुटाएपछि वकिल लगाएर ४२ वटा मुद्दा लेखियो । मोहियानी हक पाउन पहिलो पटक २०५२ चैत २८ गते जिल्ला भुमिसुधार कार्यालय सिन्धुपाल्चोकमा ४५ वटा मुद्दा मोही किसानले दर्ता गराए ।

## ४.५. मोही किसानहरुको लागि सचेतीकरण

जोताहा किसान सचेतीकरणका लागि किसानहरुको मुल संगठनका सदस्यहरुलाई कानुनी तालिम संचालन गरियो । किउल र हेलम्बु आसपासका गाविसहरुका किसानहरुबाट आफूहरुलाई पनि कानुनी जानकारी दिन माग बढेपछि मुल समितिका सदस्यहरु गएर गाविस गाविसमा तालिम संचालन गरे । तालिमबाट गाविस स्तरमा सदस्यता वितरण र उपसमिति गठन गरियो । पछि त्यस्ता उपसमितिबाट १ जना मुल समितिमा पनि प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ । कानूनमा रहेको मोहियानी हकको भेउ पाएपछि दिनरात खेती गरेर साहुलाई कुत तिर्दै आएका किसानहरु आफ्नो कानूनी अधिकार खोज्न थाले ।

## ४.६. रिफ्लेक्ट कक्षाहरुबाट सहयोग

शिक्षा क्षेत्रमा लेखाई पढाईको साथसाथै जीवन परिवर्तनमा उपयोगी मानिएको रिफ्लेक्ट केन्द्रहरु किउल र हेलम्बुमा १९९६ को जनवरी देखि सुरु गरियो । नेपालमा रिफ्लेक्ट सहयोगी कार्यकर्ताहरुको दोस्रो तालिम किउलमा संचालन भएको थियो । संस्थाले १८ वटा सामूहिक सिकाई केन्द्र संचालन गर्‍यो । यी केन्द्रहरुबाट मोहियानी अभियानलाई अगाडि बढाउन ठूलो मद्दत मिल्यो । समस्याको विश्लेषण र समाधानका बाटो पहिल्याउन यी निकै उपयोगी सावित भएका थिए । सामाजिक न्यायको लागि साक्षरताको भूमिका महत्वपुर्ण हुन्छ ।

## ४.७. वकिलहरुद्धारा मुद्धा लेखन शिविर

मोहियानी आन्दोलनको प्रक्रिया अध्ययन र संभावनाहरु पहिल्याउन १९९६ मा भूमिविज्ञ डा.शिव शर्माबाट एक अध्ययन गराईयो । अध्ययन प्रतिवेदनले तत्काल अगाडि बढाउने केही कार्यको विषयमा सुझाब दिएको थियो । भूमि सम्बन्धी चौथो संशोधन विधेयक २०५३ लालमोहोर लाग्ने अवस्थामा रहेकोले लालमोहोर लाग्नु पुर्व नै भर्पाईको आधारमा मोहियानी पाउन निवेदन दिनुपर्ने सुझाव प्रतिवेदनमा थियो । सोही कार्यलाई अगाडि बढाउन २ जना वकिल लगेर वडा वडामा मुद्दा लेखन शिविर संचालन गरियो । त्यसपछि ०५३ साल मंसिर २४ गते अगाडि दोस्रो पटक २

सय १६ वटा मुद्दाहरु दर्ता भए । मोहियानी पाउन पेश भएका निवेदनको संख्या २ सय ५८ पुग्यो ।

### ४.८. जग्गावालाहरुको संगठन निर्माण

ठुलो संख्यामा मुद्दा परेपछि जग्गावालहरुले पनि संगठन निर्माण गरे । आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्ने मोहीकिसान र संस्थाका कर्मचारीहरुलाई धम्क्याउने, तर्साउने आदि काम भयो । हक नदिने विभिन्न प्रपन्च गरे । जिल्ला भूमिसुधार कार्यालयको अधिकृतसँग मिलेर म्याद पठाउन रोक लगाए । १४ वटा मुद्दा खारेजीमा पारियो ।

### ४.९. मार्टिन चौतारी र पत्रकार सम्मेलन

हकका लागि निवेदन हालेको दुई वर्षसम्म जिल्ला भूमिसुधार कार्यालयले मुद्दाको टुंङ्गो लगाएन । मोहीहरु महिनै पिच्छे तारेख धाए । घरको बाख्रो र कुखुरो बेच्नुपर्ने अवस्था सृजना भयो तर मोहियानी हक पाईएन । उल्टै मुद्दाहरु खारेजीमा पर्न थालेपछि मोहीहरु बीच सन्त्राश छायो । त्यसपछि किसानहरु जिल्ला भूमिसुधार कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, भूमिसुधार विभाग आदिमा हक कायमका लागि दवाव दिन प्रतिनिधीमण्डल जाने, ज्ञापनपत्र पेश गर्ने आदि काममा जुटे ।

आन्दोलनको विषयमा सन् १९९७ को अन्तिममा मार्टिन चौतारीमा छलफल कार्यक्रमको आयोजना गरियो । त्यसमा मोही जागरण समितिका अध्यक्ष र आत्मनिर्भर सेवा केन्द्रका सदस्यहरुले सिन्धुपाल्चोकको मोहियानी आन्दोलनको सुरुवात र भोगिरहेको अवस्था बताए । त्यस छलफल पछि समस्यालाई लिएर नेपाल बार एशोसियशनको हलमा पत्रकार सम्मेलन गर्ने निधो भयो । हलभाडा मार्टिन चौतारीले व्योहोरी दिने र जोताहा किसानलाई मोही जागरण समिति र आत्मनिर्भर सेवा केन्द्रले काठमाडौं ल्याउने निर्णय भयो । पत्रकार सम्मेलनको लागि करिव एक सय मोही किसानहरु राजधानी आए । काखमा बच्चा र नाङ्गै खुट्टा लिएर आफ्ना कुरा राख्न आएका किसानहरुले दजनौं पत्रकार सामु आफ्ना समस्याहरु सुनाए । समस्याले राष्ट्रिय पत्रपत्रिकामा ठाउँ पायो । 'हाकाहाकी' रेडियो कार्यक्रम र रेडियो सगरमाथाले त्यसको प्रसारण गरे ।

### ४.१०. जिल्ला कार्यालय घेराउ र धर्ना

२०५७ साल कार्तिक १७ गते गुठी जग्गा रैकर गराउन तथा भूमि सम्वन्धी संशोधित ऐन २०५३ किसानको पक्षमा नभएको विषयमा सरकारको ध्यानाकर्षण गराउन सिन्धुपाल्चोक जिल्ला सदरमुकाम चौतारामा जोताहा किसानहरुले आफ्ना मागहरु राख्दै जिल्ला भूमिसुधार कार्यालय, मालपोत कार्यालय र जिल्ला प्रशासन कार्यालय अगाडि दिनभरि नै धर्ना र जुलुश प्रदर्शन गरे ।

समस्याको समाधानार्थ उक्त दवावमूलक कार्य गर्नु पूर्व जिल्ला भुमिसुधार कार्यालय, जिल्ला मालपोत कार्यालय, जिल्ला विकास समितिहरुमा ज्ञापन पत्र पेश गरिएको थियो । ज्ञापनपत्रमा १५ दिने अल्टिमेटम दिइएको थियो । ज्ञापन पत्र उपर सरकारले ध्यान नदिएपछि कार्तिक १७ गते करिव १७ सय किसानको सक्रियतामा विभिन्न नारा लगाइ सदरमुकाम चौतारामा जुलुश प्रर्दशन गरियो । कार्यक्रममा सांसद, जिल्ला विकास समतिका सभापति, उपसभापति, विभिन्न गाविसका अध्यक्ष, उपाध्यक्ष, लगायतका जनप्रतिनिधीहरु, विभिन्न राजनीतिक



पार्टीका जिल्लास्तरका नेताहरु, स्थानीय, राष्ट्रिय र अर्न्तराष्ट्रिय संघसंस्थाका प्रतिनिधीहरु, पत्रकार, मानवअधिकारवादी कार्यकर्ता लगायतको सहभागिता थियो ।

### ४.११. स्थानीय गाविससँग मिलेर कार्य

आन्दोलनलाई स्थानीय सरकारको समेत सहभागितामा अगाडि बढाउन विभिन्न १४ गाविसका पदाधिकारीलाई भूमि अधिकारको सवालमा अभिमुखीकरण गरियो । अभिमुखीकरण पश्चात सिफारिश लिन, कार्यक्रमहरुमा सहभागिता जुटाउन साथै समिति र गाविस मिलेर काम गर्न सजिलो भएको छ । यसपछि गाविस अध्यक्षहरुले म्याद कटाउने, समय समयमा जिल्ला कार्यालयमा गएर बुझ्ने र सदरमुकाम सम्म पुगेर सिफारिश दिने कार्यमा सहयोग गरेका छन् । सन् २००२ बाट जिल्ला विकास समितिसँग मिलेर कार्य भईरहेको छ ।

### ४.१२. चौथो संशोधन आन्दोलनको तगारो

सिन्धुपाल्चोकमा किसानहरुले आफ्नो मोही हकका लागि भुमिसुधार कार्यालयमा सुरुमा ४५ वटा निवेदन र पछि २ सय ५० भन्दा बढि निवेदन दिएका थिए । सुरुमा दिइएका मुद्दाहरुमा केही मुद्दा किनारा लागेपछि यसले किसानहरुमा उत्साह बढाएको थियो । मोहियानी हक लिन किसानहरु सचेत हुन थालेपछि सरकारले किसानहरुलाई मोहियानी हक नदिईकनै भूमि ऐनमा चौथो संशोधन गरी २०५३ साल २४ गतेबाट मोहियानी नलाग्ने व्यवस्था गरेकोले भपाई मात्र प्रमाण भएका किसानहरुका मुद्दा दर्ता हुन पाएनन् ।

### ४.१३. डेलिगेशन र ज्ञापनपत्र

समस्या समाधानका लागि दर्जनौ पटक जिल्ला भूमिसुधार कार्यालय, जिल्लाप्रशासन कार्यालय, भूमिसुधार विभाग, मन्त्रालय आदिमा ज्ञापन पत्र पेश गर्ने तथा प्रतिनीधिमण्डल जाने काम भयो । जुन क्रम निरन्तर जस्तै छ ।

### ४.१४. आधा जग्गा प्राप्तिको चरण

निकै लामो संघर्ष पछि एक हजार भन्दा बढि मोहीहरुले मोहियानी हक पाए । तर आधा जग्गा प्राप्त भईसकेको थिएन । आधा जग्गा पाउन मोहियानी कायम भएको फैसलाको उतार गरेर जिल्ला मालपोत कार्यालयमा रहेको जग्गावालको स्रेस्तामा मोहियानी जनाउनु पर्दथ्यो । सो स्रेस्ता उतारेर पुनः अर्को निवेदन भूमिसुधार कार्यालयमा दिएपछि कानुनी प्रकृया पुरा गरेर जग्गा बाँडफाँड गरिन्थ्यो । यसरी हालसम्म ६ सय ३१ जनाले जग्गाधनी पुर्जा प्राप्त गरेका छन् । अझै ८ सय भन्दा बढि मुद्दाहरु कार्यालयमा विचाराधिन रहेको छ । आन्दोलनको ठोस उपलब्धीको रुपमा जग्गा प्राप्तिलाई लिईएको छ ।

### ४.१५. गुठी जग्गामा मोहियानी र रैतानी आन्दोलन

रैकर जग्गा बाहेक सिन्धुपाल्चोकमा गुठीमा मोहियानी समस्या पनि अत्यन्त जटिल अवस्थामा रहेकोले यो सवालपनि साथसाथै अगाडि आयो । त्यसका लागि गुठी ऐन २०३३ का बारे

अभिमुखीकरण गरियो । मोहियानी हक पाउन र रैतानीका लागि हाल जिल्ला मालपोत कार्यालयमा ३ सय मुद्दाहरु दर्ता भएका छन् । यस सवालमा पनि समस्याको जानकारी गराउन मन्त्रालय र गुठी संस्थानमा पटक पटक प्रतिनिधीमण्डल जानुको साथै पत्रकार एवं संचारकर्मीहरुबाट समेत अध्ययन गराईएको छ ।

## ४.१६. मोही किसानहरूको संगठन निर्माण

मोहियानी अभियानलाई दिगो र परिणाममुखी वनाउन सिन्धुपाल्चोकका ३४ वटा गाउँ विकास समितिहरुमा गुठी तथा मोही सरोकार समिति र तिनै समूहबाट प्रतिनिधित्व हुनेगरी मुल समिति तयार गरिएको छ । यिनीहरुबीच निरन्तर छलफल गरी जोताहा किसानबाटै कार्यक्रमलाई अगाडि बढाईएको छ । गाउँ विकास समितिहरुमा हुने भेलाहरुमा उनीहरु एक आपसमा सहयोग आदान प्रदान र प्रमाण जुटाउने काम गर्दछन् । नियमित जस्तै मोहियानी कायम र जग्गा बाँडफाँडको लागि निवेदन पर्नुमा पनि मोहीहरुको संगठनको भूमिका ठुलो रहेको छ । स्थानीय तहमा भएका दजर्नौ वैठक, अन्तर्क्रिया, भेला, भर्पाई वितरण, प्रमाण संकलन, किसान-किसान सिकाई आदान प्रदान स्थानीय तहमा भएका कार्यको रुपमा रहेका छन् । यसवाट किसानहरुमा नियमित रुपमा सुचना आदान प्रदान भई आन्दोलनलाई अगाडि बढाउन मद्दत पुगेको छ

## ४.१७. मोही किसानहरूको निरन्तर प्रयाश

गुठी जग्गामा जोतखनको आधारमा मोहियानी कायम गर्न ७ वर्षदेखि गरिएको निरन्तर संघर्ष पछि गुठी संस्थानले सिन्धुपाल्चोकको तार्केघ्याङ्ग,मेलम्चीघ्याङ्ग र निलकण्ठ गोसाईकुण्ड लगायत गुठीको जग्गामा बसोवास गर्ने ११ गाविसका २ सय ५० घरपरिवारले जोतभोग गरिरहेको ५ सय ८२ कित्ता जमिन जोतभोगको आधारमा मोहियानी कायम गर्न सो समस्याको सम्बन्धमा छानविन गर्न गठित सरकारी समितिले सिफारिश गरेको छ । किसानहरुको लामो दवाव पछि श्री ५ को सरकारले गुठीको जमिन भोग गरी आएका तर कुनै पनि कागजी निस्सा नभएकाहरुलाई मोहियानी हक दिन सकिने वा नसकिने सम्बन्धमा छानविन गर्न यस अघि समिति बनाएको थियो ।

## ४.१८. नीतिगत तहमा प्रभाव

भूमि सम्बन्धी ऐनमा वेदर्तावाल मोहीहरुको समस्या समाधान गर्नको लागि नीतिगत व्यवस्था हुनुपर्ने माग गर्दै राजधानीमा विभिन्न पार्टीका वरिष्ठ नेता, पुर्व भूमिसुधार मन्त्री, सांसद, भूमिविज्ञ, कानुनविद, संचारकर्मी, सामाजिक कार्यकर्ता र प्राकृतिक स्रोत तथा साधन समितिका सभापति र सदस्यहरुको समेत सहभागितामा २ पटक राष्ट्रिय छलफल कार्यक्रम भयो । जसवाट मोहियानी समस्याको विषयमा बहस प्रारम्भ भएको छ । मोही किसानहरुले स्वंय आएर सवै खाले व्यक्तिहरुबीच आफूहरुले भोग्नु परेको समस्या राखेका छन् । यसलाई नीति जोताहा किसानहरुको हित अनुकुल वनाउने प्रकृयाको सुरुवातको रुपमा लिन सकिन्छ । मोहियानी समस्याको समाधानको लागि पहल गरिदिन अनुरोध गर्दै वेदर्तावाल मोहीहरुको तर्फवाट विद्यायकहरुमा मोहियानी समस्या समाधानको लागि अनुरोध पुस्तिका तयार गरि सवै विद्यायकहरु, नीति निर्माताहरु, संचारकर्मीहरु आदिलाई उपलब्ध गराईएको छ ।



## ४.१९. सवाल सञ्चारमाध्यममा

सिन्धुपाल्चोकको मोहियानी समस्या र भएका अभ्यास आदिलाई लेख, समाचार, वक्तव्य आदिका माध्यमबाट सञ्चार माध्यममा ल्याउने काम भईरहेको छ । वेदर्तावाल मोहीहरुले भोगिरहेको यथार्थ, त्यसको समाधानको लागि गरिनु पर्ने नीतिगत व्यवस्था र अन्य जिल्लाका मोही किसानले सिन्धुपाल्चोकको उदाहरणबाट सिक्न सक्ने विषयलाई सञ्चार माध्यममा ल्याउनाले मोही आन्दोलनलाई राष्ट्रिय सवाल वनाउन सजिलो हुदैं गएको छ । पत्रपत्रिकामा आएका केही विवरणहरु यस प्रकार छन् । यि विवरण विभिन्न पत्रपत्रिकाबाट लिईएको हो ।

- कानूनले धेरै वर्ष अगाडि व्यवस्था गरेको भए पनि सिन्धुपाल्चोकका मोहीहरुले मोहियानी अधिकार प्राप्त गरेका थिएनन् । मोही हकका निम्ति आवश्यक पर्ने कुनै कागजात किसानहरुसँग थिएन । साहुहरुसँग कहिल्यै कुत बुझेको भरपाई माग्न नसकेको कारणले पनि यो समस्या सृजना भएको थियो ।
- सधै जमिनको स्याहार गरेर उब्जनी बढाउन व्यस्त किसानहरुले मोही कायम गराउनुपर्ने कुरा थाहा पनि पाएनन् । गाउँसम्म पुग्ने नापी टोलीले साहुको इच्छा बमोजिमको विवरण तयार पार्नाले मोहीहरु आफ्नो अधिकारबाट विस्थापित हुन गएका थिए ।
- मोहियानी हकसम्बन्धी व्यवस्था भएको तीन दशकभन्दा बढी भइसक्दा पनि किसानहरु यसबाट बञ्चित हुनु गम्भीर विषय हो । यसले किसानहरुसम्म कानुनी साक्षरताको कुनै गुञ्जायस नरहेको संकेत दिएको छ । पुरानो भूमि व्यवस्थाले मोही हकलाई खुकुलो बनाए पनि भूमिसम्बन्धी (चौथो संशोधन) ऐनको कार्यान्वयनले धेरै किसानहरु अलपत्र बन्ने स्थिति देखिएको छ ।
- नेपालको प्रचलित कानुनले मोही हक सम्वन्धी व्यवस्था गरे पनि सवैजसो ठाउँमा कुनै न कुनै समस्या रहेको पाईन्छ । मोहियानी हक सम्वन्धी झण्डै ३० हजार मुद्दाहरु कार्यालय र अदालतमा पुगेका छन् । अड्डा अदालतमा पर्ने मुद्दाहरुमा झण्डै ९० प्रतिशत मुद्दाहरु जग्गा संवन्धी नै हुन्छन् । सैंतिस वर्ष अघि कानुनले व्यवस्था गरेको मोही हक उपभोग गर्नबाट नेपालका ४ लाख ५० हजार भन्दा बढि किसानहरु अझै वन्चित छन् । मुलुकका प्राय सवै ठाउँमा ज्वलन्त समस्याको रुपमा रहेको मोही हक सम्वन्धी समस्यालाई अहिले सिन्धुपाल्चोकका किसानहरुले सार्वजनिक गरेका छन् । सिन्धुपाल्चोकमा देखिएको मोही समस्याबाट नेपालको भूमिसुधारका योजनाकार, सरकार, नीति निर्माताहरुले सोच्नुपर्ने भएको छ ।
- मोहीहकको त्यो अभियानलाई स्थानीय गैरसरकारी संस्था सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सघाएको छ । केन्द्रले किसानहरुको सामुहिक हितका निम्ति स्थानीय किसानहरुकै सहभागितामा गुठी तथा मोहियानी सरोकार समिति गठन गरेको छ । समितिको लामो प्रयासपछि दिनरात कुटो, कोदालो, समातेर खेतमा घोटीने किसानहरुलाई आफ्नो हक अधिकारको वारेमा सचेत पार्न वल मिलेको छ । फलतः पीडित किसानहरु मोही हकका बारेमा सचेत भएका छन् । सरकारी कार्यालयमा डेलिगेसन जान थालेका छन् । समिति र केन्द्र मार्फत एउटै किसिमका कानुनी मान्यता प्राप्त भर्पाईहरु किसानहरुलाई वितरण गरिएको छ ।

- गाउँमा मोहीहरुको वाहुल्य रहेको र मौखिक समभ्कदारीको रुपमा मात्र जग्गा कमाउँदा किसानहरुमा उत्पादन बढाउनेतिर चासो नहुने, त्यसबाट किसानहरुको मनोवल कहिल्यै माथी नउठ्ने भएकाले कानुन अनुसार पाउने मोही हक दिलाउन एक्सनएड नेपालको सहयोगमा केन्द्रले आफ्नो कार्यक्रम अगाडि बढाएको हो । जसको उद्देश्य दर्ता नभएका मोहीहरुलाई दर्ता गरेर उनीहरुको अधिकार मात्र सुरक्षित गर्न सके हजारौं व्यक्तिहरुलाई गरिवीको कुचक्रबाट मुक्त गर्न सकिन्छ भन्ने थियो ।
- पछिल्लो परिदृश्यमा सिन्धुपाल्चोकका वहुसंख्यक किसानहरु कुत कवुलियत, वडामुचुल्का र सामाजिक एकताको औचित्य बुभ्कन सक्ने भएका छन् । केही जग्गावालले आफैं भूमिसुधार कार्यालय गएर मोहीलाई आधा हिस्सा दिएका छन् । यस क्रममा ११३६ वटा मुद्दाहरु किनारा लागेपछि मोहीहरुमा थप उत्साह बढेको छ ।

### ४.२०. अन्य जिल्लाहरूमा संभाव्यता अध्ययन

सिन्धुपाल्चोकमा संचालित यस अभियानबाट मिलेको सफलता र गरिवी कम गर्न यसले पुऱ्याएको सहयोगलाई यस्तै समस्या भएका अन्य जिलाहरुमा पनि संचालनका लागि संभाव्यता अध्ययन, ती क्षेत्रमा कार्यरत संस्थाबीच गोष्ठी, तालीम एवं छलफल आदि कार्य भईरहेका छन् । यस बाहेक भूमि अधिकारका लागि वकालत विषयमा अधिराज्यका १० जिल्लामा अध्ययन गरि प्रतिवेदन तयार पारिएको छ ।

### ४.२१. कार्यतन्त्र निर्माण

भूमि सम्बन्धी भएका राम्रा ऐन कानुनको कार्यान्वयन, अव्यवहारिक नीतिको परिमार्जन तथा निर्माण, जनस्तरमा भूमिसुधारका विषयमा व्यापक संचेतना, जनसंगठन र वकालतजन्य कार्य आदिको लागि सहकार्य र समन्वय गर्न सरकार र नागरिक संगठन मिलेर एउटा साभ्का थलोमा अभ्यास गर्ने र कार्यक्रमलाई प्रभावकारी तवरले अगाडि बढाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालय, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संस्था, गुठी तथा मोहीहरुको प्रतिनिधीमुलक संगठन, जिल्ला विकास समिति, पत्रकार आदिको सहभागितामा राष्ट्रिय कार्यतन्त्रको निर्माण गरि आवश्यक वकालतका कार्य अगाडि बढाईएका छन् ।

### ४.२२. केही मुख्य उपलव्धीहरु :(सन् २००२ को डिसेम्वर सम्ममा) :

- एक हजार पाँच सय २७ जोताहा किसान परिवारले मोहियानी हक र ति मध्येका छ सय ४० जनाले जग्गाधनी पुर्जा प्राप्त गरेका छन् । मालपोत कार्यालयमा करिव दुई हजार तीनसय र भूमिसुधार कार्यालयमा करिव ४ सय वटा निवेदन मोहियानी कायम, गुठी जमिन रैकर, जग्गा बाँडफाँड र छुटपुर्जा पाउनको लागि पेश भएका छन् ।
- सिन्धुपाल्चोकमा किसानहरुको विभिन्न ३४ वटा उप समूह र एक मुल समूहको



निर्माण भई अधिकारका लागि जुटेका छन् । आफ्नो गुमेको अधिकार स्थापित गर्न संगठित रुपमा आन्दोलन गर्नु पर्छ भन्ने कुरालाई किसानहरुले महशुस गरेका छन् ।
- जिल्लाभरिका मोहीकिसान परिवारवीच मोहियानी हक अधिकारको बारेमा बुभ्काई बृद्धि हुनाको साथै भर्पाइ नलिई कुत नबुभ्काउने अभियानमा सरिक छन् ।
- जग्गावालहरुले जोताहाबाट जमिन खोस्ने, अनावश्यक थिचोमिचो गर्ने, कुत बढाउने जस्ता मोही विरोधी काम रोकिएका छन् ।
- सिन्धुपाल्चोकको गुठी जमिनमा जोतभोगको आधारमा मोहियानी कायम र त्यसका आधारमा रैकर गर्न एक अधिकार सम्पन्न सरकारी समिति गठन भई जोतभोगको आधारमा मोहियानी हक दिन श्री ५ को सरकारलाई सिफारिश गरेको छ ।
- नेपालमा भूमि सम्बन्धी संशोधित चौथो ऐन मोही किसानहरुको हित प्रतिकुल भएको कुरा राष्ट्रिय रुपमा उठान भएको छ ।
- गरिवी निवारणको लागि भूमि अधिकारको सवाललाई अगाडि बढाउन आवश्यक अध्ययन एवं राष्ट्रिय कार्य समूहको निर्माण भएको छ । यस सवालमा कार्य गर्न ईच्छुक संस्थाहरु थपिन थालेका छन् ।

### ४.२३. भावी योजना तथा रणनीति :

- भूमि अधिकारबाट पीडित समुदायबाट संगठित र सशक्त अभियान उठाउने ।
- स्थानीयतह देखि राष्ट्रिय तहसम्म भूमिअधिकार सम्बन्धी सरोकार समूहहरुको संजाल खडा गर्ने ।
- जोताहा किसानको भूमि अधिकार सुनिश्चित गर्नु अत्यावश्यक छ भन्ने सवाल आमरुपमा स्थापित गर्ने ।
- राज्य एवं दातृ समूहको विकास रणनीति तथा कार्यक्रममा भूमि अधिकारको सवाललाई समावेश गराउने ।
- उपयुक्त भूमिसुधार विधेयक संसदबाट पारित गराई कार्यान्वयन गराउने ।
- पारित विधेयक सम्बन्धित राज्य पक्ष एवं नागरिक समाजलाई कार्यान्वयन गर्न सबल बनाई कार्यान्वयन गराउने ।
- सिन्धुपाल्चोक जिल्लामा विद्यमान रहेको गुठी तथा मोही समस्या समाधान गर्न आवश्यक अभियान संचालन गर्ने ।



# परिच्छेद - ५

## निष्कर्ष

### ५.१. सामाजिक समुन्नतिको लागि भूमि अधिकार

कृषिमा आधारित नेपालको आर्थिक एवं सामाजिक समुन्नतीको लागि भूमि अधिकार एउटा महत्वपुर्ण सवाल हो । करिव १० लाख २० हजार भूमिहीन परिवार र पुस्तौंदेखि अरुको जमिन जोत्ने ४ लाख ५० हजार जोताहा परिवारले भूमि अधिकार नपाएसम्म नेपालको गरिवी कम गर्न प्रायः असम्भव नै छ ।

उत्पादनको मुख्य श्रोत वितरणमा असमानता रहुन्जेल अन्य राहतमुखी कार्यक्रमले मात्र देशको गरिवी कम गर्न सकिदैंन भन्ने तथ्य विगतमा भए गरेका धेरै प्रयास निरर्थक रहनुबाट पनि हामी सवैले बुझ्केकै हुनुपर्छ । यहाँनेरी मध्य अमेरिकाको गरिब देश होन्डुरसकी किसान आन्दोलनकी एक नेतृ एल्भिया अल्भारादोको मनमा उठेका विचार उल्लेख गर्नु सान्दर्भिक हुने देखिन्छ । उनी एक स्वास्थ्य कार्यकर्ताको रुपमा समुदायमा काम गर्दै जाँदा उनको मनमा 'अन्न उब्जाउने गरिव किसानहरु नै किन कुपोषणका शिकार हुन्छन् ? राहतमूलक कार्यक्रमले मात्र किसानहरुको समस्यालाई हल गर्न सक्ला र ? भन्ने प्रश्न उठेको थियो । यसै प्रश्नको उत्तर खोज्ने क्रममा उनले आफ्नो पुरै जीवन किसान संघर्षमा बिताएकी थिईन् । गरिवहरुमाथि भएका शोषण नहटाई राहतमुखी कार्यक्रमले मात्र गरिवी कम गर्न सकिदैंन भन्ने उनको ठम्याई थियो ।

'जसको जोत उसको पोत' भन्ने आकर्षक नारा अगाडि सारिएको हाम्रो देशमा असली भूमिसुधार भने हुन सकेको छैन । विगतका सरकारी प्रयासलाई हेर्दा अब अनुरोध र आग्रहका भरमा भूमिसुधार हुने देखिदैंन । यसका लागि पीडितहरु संगठित भई भूमि अधिकारका लागि दबावमूलक ढंगले प्रस्तुत हुनु बाध्यता नै बनिसकेको छ। सिन्धुपाल्चोकको मोहियानी आन्दोलनले पनि भूमि अधिकारका लागि पीडित कृषकहरुको संगठन र एकीकृत आवाज नै सशक्त र उत्तम उपाय हुन सक्ने देखिएको छ ।

भूमिहीन, कमैया, हलिया, गोठालो, गुहारे, कृषि श्रमिक, जोताहा, मोही आदिका नाममा नेपाली समाजमा व्याप्त शोषण कुनै न कुनै रुपमा भूमि व्यवस्थाकै उपज रहेको भेटिन्छ । न्यायोचित भूमिसुधारका माध्यमबाट भूमिमा जोत्नेको अधिकार स्थापित गराउन सवै गरिवी निवारणमा लागेका व्यक्ति, संस्था सवै नै जुट्नु आजको आवश्यकता भएको छ । उत्पादनको मुख्य श्रोत मध्येको एक प्रमुख श्रोत जमिनमा गरिवहरुको समेत स्वामित्वको लागि आवाज उठाउन यस सवाललाई परिवर्तनका बाहक सवैले प्राथामिकताका साथ अगाडि बढाउन सके समाजमा केही न केही परिवर्तनका संकेत देखा पर्नेछ । यसका लागि पीडितहरु

- ***करिव १० लाख २० हजार भूमिहिन परिवार र पुस्तौंदेखि अरुको जमिन जोत्ने ४ लाख ५० हजार जोताहा परिवारले भूमि अधिकार नपाएसम्म नेपालको गरीवी कम गर्न प्राय असम्भव नै छ ।***
- ***न्यायोचित भूमिसुधारका माध्यमबाट भूमिमा जोत्नेको अधिकार स्थापित गराउन सवै गरिवी निवारणमा लागेका व्यक्ति, संस्था सवै नै जुट्नु आजको आवस्यकता भएको छ ।***

आफैंमा जुट्न र पीडितले पीडितलाई नै विश्वास गर्ने वातावरण तयार गर्नु पहिलो काम हुन जान्छ ।

### ५.१. सहकार्य र समन्वय

भूमि अधिकारको सवाललाई सिन्धुपाल्चोकमा सघाइरहेको यस सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले अहिले यसलाई राष्ट्रव्यापी रुपमै उठान गर्नुपर्ने महसुस गरेको छ । किनकि यो समस्या देशभरी व्याप्त हुनाको साथै यस समस्या समाधानको लागि नीतिगत परिवर्तन र त्यसको पुर्ण कार्यान्वयनको खाँचो रहेको छ । यस क्रममा केन्द्रले सिन्धुपाल्चोकको पूरैजसो र अन्य विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने दश जिल्लामा अध्ययन गरी नेपालमा भूमि अधिकारको अवस्था र समस्याको चुरो पहिल्याउने तथा समाधानको उपाय समेत समेटेर प्रतिवेदन र रणनीति पत्र तयार गरेको छ । जुन विषयमा अन्य सहकर्मी संस्थासँग मिलेर देशव्यापी रुपमा वास्तविक कृषकको पक्षमा वकालत गर्ने कार्यको सुरुवात गरिसकेको छ ।

हाम्रो संस्था भूमि अधिकारबाट बञ्चित किसान एवं सामाजिक न्यायका लागि लड्न चाहने व्यक्ति, समूह र संस्थालाई भूमि अधिकार अभियानमा जुटन तथा सहकार्य र समन्वयका लागि अनुरोध गर्दछ ।

❀❀



# सन्दर्भ सामग्री


१) श्री ५ को सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय (२०५७), **नेपाल अधिराज्यको संविधान-२०४७** : श्री कानून किताब व्यवस्था, बबरमहल ।

२) **गुठी संस्थान विवरणिका** (२०५६), गुठी संस्थान केन्द्रीय कार्यालय, काठमाडौं ।

३) नेपाल मानव विकास प्रतिवेदन(२००१), **गरिवी न्यूनीकरण र शासन**, संयुक्त राष्ट्र संघ विकास कार्यक्रम, पुल्चोक ।

४) **नेपालमा भूमि अधिकार** (अध्ययन प्रतिवेदन) २०५९, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र।

५) प्राज्ञिक पत्रिका (२०४९), **झिल्को** : प्रकाशलाल श्रेष्ठ

६) **प्राकृतिक स्रोत व्यवस्थापनका लागि वकालत (स्रोत पुस्तिका)** २०५९, जनहित संरक्षण मञ्च (प्रो पब्लिक) काठमाडौं नेपाल ।

७) वडाल केशव (२०५१), **उच्चस्तरीय भूमि सुधार (वडाल) आयोग**, प्रतिवेदन : पि.वि. प्रकाशन ।

८) वराल श्रीकान्त (२००२), **नेपालको भूमि सम्वन्धी नीति**, समिक्षात्मक अध्ययनः सामुदायिक आत्मनिर्भर सेवा केन्द्र ।

९) **मोहियानी सम्वन्धी आधारभूत सर्वेक्षण फाइल सिन्धुपाल्चोक** (२०५४), सामुदायिक आत्मनिर्भर सेवा केन्द्र ।

१०) **मोहियानी हक र भूमिसुधार** (संस्थाको समाचार तथा लेख रचनाहरुको संगालो ) २०५८, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, नेपाल ।

११) हागन टोनी (२०५८), **नेपालको चिनारी** : हिमाल किताब, पाटनढोका ।

१२) HMG/N (His Majesty's Government of Nepal) (2001). Population Census 2001, National Report: National Planning Commission Secretariat Central Bureau of Statistics in collaboration with UNFPA Nepal.

## मोहियानी आन्दोलनको घटनाक्रम

**सन् १९९३** : किउल र हेलम्बु २ गाविसको आधारभुत अध्ययन ।

**सन् १९९४** : किउल र हेलम्बुमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले कार्यक्रम सुरुवात ।
२ गाविसको मोही जीविकाको अध्ययन ।

**सन् १९९५** : किउलमा भूमि सम्बन्धी ऐन २०२१ को बारेमा जानकारी गराउन ३ दिने प्रशिक्षण कार्यक्रमको आयोजना भई २१ सदस्यीय मोही किसानहरुको समिति गठन ।
मोहियानी कायम गर्ने विषयमा भेला तथा बैठक संचालन गरिएको ।
भर्पाई लिने कार्यको थालनी ।

**सन् १९९६** : ०५२ चैत २८ गते जिल्ला भुमिसुधार कार्यालयमा ४५ वटा मुद्दा दर्ता ।
१४ वटा गाविसमा कानुनी शिविर संचालन ।
विभिन्न गाविसमा उपसमिति निर्माण र सचेतिकरण ।

**सन् १९९७** : सन् १९९७ मा ७ वटा गाविसमा मोही तथा गुठी आधारभूत सर्वेक्षण सम्पन्न ।
मार्टिन चौतारीमा छलफल र पत्रकार सम्मेलन ।
विभिन्न निकायमा पटक पटक डेलिगेशन, ज्ञापनपत्र र धर्ना ।
गाविस स्तरमा दुई सय मुद्दाको निवेदन तयार ।
भुमि सम्वन्धी संशोधित ऐन २०५३ किसानको पक्षमा छैन भन्ने कुराको वकालत ।

**सन् १९९८** : हकका लागि निवेदन दिने कार्य निरन्तर भएको ।

**सन् १९९९** : निवेदन दिने, प्रमाण जुटाउने, तारेख धाउने आदि काम भईरहेको ।

**सन् २०००** : हजारौं किसानद्वारा प्रशासन कार्यालय घेराउ तथा धर्ना गरेको ।

**सन् २००१** : सन् २००१ सम्म मोहियानीको एक हजार सात सय भन्दा बढि र गुठी जमिन रैकरको लागि दुई सय ७७ वटा निवेदन दर्ता भएको त्यस मध्ये करिव एक हजार ३६ जना मोहीहरुले मोहियानी हक प्राप्त गरेको ।
भर्पाई नलिई कुत नवुझाउने अभियान निरन्तर संचालन भईरहेको ।
राष्ट्रिय अन्तर्क्रिया तथा नीतिगत तहमा काम भएको । मोहियानी तथा कानुनी पुस्तक प्रकाशन गरेको ।

**सन् २००२** : सरकारी निकाय जिविस, मन्त्रालय र जिल्ला कार्यालयहरुसँग मिलेर कार्य गरेको ।
भूमिसुधारका लागि राष्ट्रिय कार्यसमूहको निर्माण ।
१० जिल्लाको भूमि अधिकारको लागि वकालत विषयमा अध्ययन भएको ।
११ जिल्लाहरुमा भूमि अधिकार विषयमा तालिम संचालन गरेको ।
भूमि अधिकारको लागि नागरिक समाजको भूमिका विषयमा राष्ट्रिय गोष्ठी सम्पन्न गरेको ।
सिन्धुपाल्चोकमा विशेष अभियान सम्पन्न भई दुई हजार पाँच सय थप निवेदन पेश भएको साथै ३४ वटा गाविसका करिव छ हजार किसानलाई भूमि अधिकारको वारेमा सचेतीकरण गरिएको ।

## सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सा.आ.से.के.) गैर सरकारी सामाजिक संस्था हो । यसको स्थापना वि.स. २०४९ सालमा भएको हो । सुरूका वर्षहरूमा यसले सिन्धुपाल्चोक जिल्लाको विकट गाविस किउल र हेलम्बुमा सामुदायिक विकासका कार्यक्रम शिक्षा, कृषि, निर्माण, सामुदायिक संगठन र तालिमका क्षेत्रमा काम गरेको थियो । संस्थागत अनुभवका आधारमा कुनै एक मूख्य सवालमा केन्द्रित रहेर समुदायका गरिब परिवारको जीविकोपार्जनमा ठोस सहयोग पुग्ने काम गर्ने उद्देश्य अनुरूप सन् १९९५ देखि आंशिक तथा सन् २००१ बाट पूर्णतः भूमि अधिकारमा आधारित कार्यक्रम संचालन गर्दै आएको छ ।

जीविकाको लागि जमिन जोतिरहेका तर आफ्नो स्वामित्वमा जमिन नभएका वा नाम मात्रका जमिन भएका मोही किसान र भूमिहीनको जमिनमा स्वामित्व कायमका लागि संचालित भूमि अधिकारको अभियान संस्थाको मुख्य मुद्दा हो । यस अन्तर्गत भूमि अधिकारबाट वञ्चित व्यक्ति वा समूहलाई भूमि अधिकारको विषयमा सचेत र संगठित गर्ने, अधिकारको लागि उचित अभियान संचालन गर्ने, यस सवालमा कार्यरत संस्था वा व्यक्तिबीच समन्वय गर्ने, पीडितहरूबाटै अभियानकर्ता तयार गर्ने तथा यस विषयलाई सामाजिक तथा आर्थिक न्यायको राष्ट्रिय सवाल बनाउने विषयहरू पर्दछन् ।

समुदायमा पछाडि पारिएका भूमिहीन, मोही (जोताहा) किसान, दलित र महिला समूदायको भूमि अधिकार प्राप्तिका लागि सहयोग पुऱ्याई गरिवी निवारणमा सहयोग पुऱ्याउने संस्थाको लक्ष्य रहेको छ ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
पोष्ट बक्स नं : १९७९०, फोन ३६०४८६
E-mail : csrc@tenancy.wlink.com.np
Website : www.csrc.org.np

# भूमि अधिकारका लागि वकालत

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
सिन्धुपाल्चोक
असार, २०६०

# भूमि अधिकारका लागि वकालत

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
सिन्धुपाल्चोक
असार, २०६०

## सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सा.आ.से.के.) गैर सरकारी सामाजिक संस्था हो । यसको स्थापना वि.स. २०४९ सालमा भएको हो । सुरूका वर्षहरूमा यसले सिन्धुपाल्चोक जिल्लाको विकट गाविस किउल र हेलम्बुमा सामुदायिक विकासका कार्यक्रम शिक्षा, कृषि, निर्माण, सामुदायिक संगठन र तालिमका क्षेत्रमा काम गरेको थियो । संस्थागत अनुभवका आधारमा कुनै एक मुख्य सवालमा केन्द्रित रहेर समुदायका गरिब परिवारको जीविकोपार्जनमा ठोस सहयोग पुग्ने काम गर्ने उद्देश्य अनुरूप सन् १९९५ देखि आंशिक तथा सन् २००१ बाट पूर्णतः भूमि अधिकारमा आधारित कार्यक्रम संचालन गर्दै आएको छ ।

जीविकाको लागि जमिन जोतिरहेका तर आफ्नो स्वामित्वमा जमिन नभएका वा नाम मात्रका जमिन भएका मोही किसान र भूमिहीनको जमिनमा स्वामित्व कायमका लागि संचालित भूमि अधिकारको अभियान संस्थाको मुख्य मुद्दा हो । यस अन्तर्गत भूमि अधिकारबाट वञ्चित व्यक्ति वा समूहलाई भूमि अधिकारको विषयमा सचेत र संगठित गर्ने, अधिकारको लागि उचित अभियान संचालन गर्ने, यस सवालमा कार्यरत संस्था वा व्यक्तिबीच समन्वय गर्ने, पीडितहरूबाटै अभियानकर्ता तयार गर्ने तथा यस विषयलाई सामाजिक तथा आर्थिक न्यायको राष्ट्रिय सवाल बनाउने विषयहरू पर्दछन् ।

समुदायमा पछाडि पारिएका भूमिहीन, मोही (जोताहा) किसान, दलित र महिला समूदायको भूमि अधिकार प्राप्तिका लागि सहयोग पुर्‍याई गरिवी निवारणमा सहयोग पुर्‍याउने संस्थाको लक्ष्य रहेको छ ।


**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
पोष्ट बक्स नं : १९७९०, फोन ३६०४८६
E-mail : csrc@tenancy.wlink.com.np
Website : www.csrc.org.np

## परिच्छेद - १

परिचय

## परिच्छेद - २

नेपालको भूमि व्यवस्था

## परिच्छेद - ३

भूमि अधिकारका लागि वकालत

## परिच्छेद - ४

सिन्धुपाल्चोकको मोहियानी अभियान

## परिच्छेद - ५

निष्कर्ष